

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले

सरकार सञ्चालनको २ बर्ष पूरा भएको विशेष सन्दर्भमा

प्रतिनिधि सभामा गर्नुभएको संबोधन

(सांसदहरूले उठाएका प्रश्नहरूको प्रत्युत्तरसहित)

३ फागुन २०७६

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले

सरकार सञ्चालनको २ वर्ष पूरा भएको विशेष सन्दर्भमा

प्रतिनिधि सभामा गर्नुभएको संबोधन

(सांसदहरूले उठाएका प्रश्नहरूको प्रत्युत्तरसहित)

३ फागुन २०७६

सम्माननीय सभामुख महोदय,

- आजबाट मेरो नेतृत्वमा गठित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकारले सत्ता सञ्चालनको ७ सय ३१ दिन अर्थात् दुईवर्ष पूरा गरेको छ। लामो समयसम्म ७/८ महिनाको अवधिमा सरकार फेरिइरहने विगतको अस्थिरतालाई ध्यानमा राख्दा, *हाम्रो देशमा एउटै पार्टीको एउटै सरकारले दुई वर्ष पूरा गर्नुपनि एउटा उपलब्धिको रुपमा लिनुपर्ने अवस्था आउँदो रहेछ! यस घडीमा म देशलाई यहाँसम्म ल्याइपुऱ्याउने, यसमा महान् योगदान गर्ने हाम्रा पूर्खाहरू, पूर्वजहरू र अग्रजहरूलाई सम्मानपूर्वक स्मरण गर्न चाहन्छु र सबै ज्ञातअज्ञात सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु।* मुलुकलाई स्थिरताको यस बाटोमा अघि बढाउन प्रत्यक्ष र परोक्षरूपमा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद भन्न चाहन्छु।

- गतसाल यसैगरी वर्षभरिका कामको प्रतिवेदन यस सम्मानित सदनमा जानकारी गराउने प्रयास गरेको थिएँ। *त्यतिबेलाको*

लामो समयसम्म ७/८ महिनाको अवधिमा सरकार फेरिइरहने विगतको अस्थिरतालाई ध्यानमा राख्दा, हाम्रो देशमा एउटै पार्टीको एउटै सरकारले दुई वर्ष पूरा गर्नुपनि एउटा उपलब्धिको रुपमा लिनुपर्ने अवस्था आउँदो रहेछ !

कारण र परिस्थितिमा जान चाहन्नँ, लोकतान्त्रिक अभ्यास सही ढंगले हुन सक्यो कि सकेन ? हामीले विचार गर्नुपर्ने अवस्था छ कि हामीले जननिर्वाचित प्रधानमन्त्रीले आफ्ना कुराहरू राख्न खोज्दा पनि त्यो सहज भएको थिएन र मैले बाहिर बोल्नु परेको थियो। आज मलाई खुशी लागेको छ, कमसेकम सदनमै बोल्ने वातावरण बनेको छ।

- *यसपटक पनि हिजो यस सम्मानित सदनमा मेरो सम्बोधनको कार्यक्रम तय भएको थियो। तर, राष्ट्रिय सभाका माननीय सदस्य दुर्गाप्रसाद उपाध्यायको असामयिक र दुःखद् निधनका कारण स्थगित भयो। म उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण*

गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु। र, आफ्ना कुरा अगाडि राख्न चाहन्छु।

- आज यस सम्मानित सदनमार्फत सरकारका कामको बारेमा जानकारी गराउन समय दिनुभएकोमा नवनिर्वाचित सम्माननीय सभामुख महोदयलाई *हार्दिक धन्यवाद भन्न चाहन्छु।*

- गतवर्ष आजकै दिन मैले भनेको थिएँ- "यो वर्ष हामीले आधार खडा गरेका छौं। आउँदा वर्षहरू उपलब्धिका वर्षहरू हुनेछन्। पाँच वर्षको कार्यकाल पूरा गरेर अर्को आम निर्वाचनमा जाँदा घोषणापत्रमार्फत् हामीले व्यक्त गरेका प्रतिवद्धता पूरा गऱ्यौं है भन्नेछौं। त्यतिबेला तपाईं हामीले देख्ने सपना अर्कै हुनेछ।"

- यसो भनिरहँदा म, अल्पअवधिको सरकार र पूरा अवधिको सरकारले गर्ने कामका तरिकाको बारेमा देशबासीलाई जानकारी गराउँदै थिएँ। आफ्नै आयु र भविष्यको टुङ्गो नभएको कमजोर जगमा उभिएको सरकारले गर्ने काम र बलियो जगमा पूरा अवधिको जनादेशसहित गठन भएको सरकारले गर्ने कामका तौरतरिकाको भिन्नताका बारेमा जानकारी गराउँदै थिएँ।

कमजोर टेकोमा अडेको अल्पावधिको सरकारले कार्यक्रमका रूपमा केही 'लोक-रिझ्याइँ' का विषय र केही आफूले गर्न चाहेको 'इच्छा-पत्र' जस्तो क्षणिक लाभका कार्यक्रममा आफूलाई केन्द्रित गर्छ।

- कमजोर टेकोमा अडेको अल्पावधिको सरकारले कार्यक्रमका रूपमा 'केही लोक-रिझ्याँइका विषय र केही आफूले गर्न चाहेको 'इच्छा-पत्र' जस्तो क्षणिक लाभका कार्यक्रममा आफूलाई केन्द्रित गर्छ। तर बलियो जगमा खडा भएको पूरा अवधिको सरकार तात्कालिक, अल्पकालीन र दीर्घकालीन योजना र दृढतासहित अघि बढ्छ भन्ने कुरा स्पष्ट पार्दै थिएँ।

- मेरो नेतृत्वमा रहेको नेकपाको यस सरकारले पहिलो वर्षलाई **आधार वर्ष** भन्यो। चालू यस दोस्रो वर्षलाई **समृद्धिको आरम्भ**का रूपमा लिएको छ।

- संघीयता कार्यान्वयन गराउने र संविधानको स्वीकार्यता विस्तार गर्ने काम यस सरकारको पहिलो जिम्मेवारी थियो। तर ७६१ वटा 'सरकार' सञ्चालनका लागि स्रोत र साधन मात्रै होइन, भौतिक संरचनाको समेत अपर्याप्तता थियो। एकातिर वित्तीय व्यवस्थापन, कर्मचारी समायोजन र कानूनी प्रबन्ध एकैचोटी गर्नुपर्ने आवश्यकता थियो भने अर्कोतिर जनतामा रहेको 'तीब्र गतिको विकासको आकांक्षा'लाई सम्बोधन गर्नु नै पर्दथ्यो।

- आज यस सम्मानित सदनसामु फेरि एकपटक दोहऱ्याउने अनुमति चाहन्छु-वित्तीय संघीयता कार्यान्वयनमा आएको छ। कर्मचारी समायोजनको काम मूलतः सम्पन्न भएको छ। हाम्रो संघीयताले कार्यारम्भ गरिसकेको छ। पहिलो वर्ष परिचालन र क्षेत्राधिकारमा रहेको द्विविधा क्रमशः सङ्लिदै आएको छ। नयाँ प्रणालीसँगै आएको यस चुनौतीलाई छाड्ने हो भने काममा प्रष्टता आएको छ।

- संविधानको स्वीकार्यतामा पनि कुनै समस्या रहेको म देख्दिनँ। यस सन्दर्भमा, एउटा मात्र तथ्य राख्ने अनुमति चाहन्छु- तराईमा बेग्लै राज्यको मुद्दा बोकेर क्रियाशील समूहले यसै संविधानअनुरूप चल्नेगरी आफ्नो दल र पहिचानसमेत बदलेको छ। विद्रोह र बिखण्डन होइन,

म ठान्दछु, सबै नागरिकलाई न्याय, अवसर, समानता र मर्यादासहितको लोकतन्त्र मात्र 'कम्प्रिहेन्सिभ' अर्थात् परिपूर्ण वा वास्तविक लोकतन्त्र हो।

प्रतिस्पर्धा र लोकतान्त्रिक मूलधारको बाटोमा आफूलाई उभ्याएको छ।

- एक वर्ष अघि मैले कानूनहरूको निर्माणलाई अर्को महत्वपूर्ण आधारका रूपमा व्याख्या गरेको थिएँ। गतवर्ष २५ वटा नयाँ कानून निर्माण भएका थिए। प्रमाणिकरण हुन बाँकी ५ वटासहित यस अवधिमा जम्मा ५५ वटा नयाँ कानूनहरू निर्माण भएका छन्। संविधानअनुकूल बनाउन विद्यमान ऐनहरूमध्ये २०१ वटा ऐन संशोधन गरिएको छ। १३ वटा ऐनहरू खारेज गरिएको छ। तोकिएको समय सीमाभित्र कानून निर्माणसँगै मौलिक हक कार्यान्वयनमा आएका छन्। हाम्रो लोकतन्त्र विस्तारित हुँदैछ।

- पार्टी खोल्ने, झण्डा बोक्ने र सडक/सदनमा प्रदर्शन गर्ने स्वतन्त्रतालाई मात्र म लोकतन्त्र ठान्दिनँ। म त्यस्तो लोकतन्त्रलाई मान्छु- जहाँ हरेक नागरिकको शिक्षा र स्वास्थ्यको सुनिश्चितता होस्। बालापनको संरक्षण, युवावस्थामा रोजगारी र बृद्धावस्थामा सुरक्षा भएको समाज-व्यवस्था होस्। म ठान्दछु, सबै नागरिकलाई न्याय, अवसर, समानता र मर्यादासहितको लोकतन्त्र मात्र 'कम्प्रिहेन्सिभ' अर्थात् परिपूर्ण वा वास्तविक लोकतन्त्र हो।

- अखबारमा पढेथें, आम निर्वाचनताका *एउटा भनाइ निकै चलेको थियो कम्युनिष्टको सरकार बन्यो भने हाँस्न त के रुन पनि पाइदैंन। त्यसलाई खुब दोहोऱ्याइएको पाइयो। तर, वास्तविकता त्यस्तो थिएन र लोकतन्त्र संकटमा परेको, अधिनायकवाद आउन लागेको भन्ने कुराहरूको एकतारे पनि खुबै बज्यो! कहिले कहाँ, कहिले कहाँ, कहिले माइतिघर-मण्डलामा त्यो घन्कियो, कहिले 'गुठी विधेयक'को अवतारमा र अनेक रुपमा त्यो प्रकट भयो। पछिल्लो समय मिडिया विधेयकको रुपमा पनि चर्चामा आयो, तर अब त्यो पनि अगाडि बढेको छ, त्यसमा स्पष्टता आउँदै गएको छ।*

संसद, संसदीय अभ्यास, विधेयकको मस्यौदा र त्यसमाथिको छलफल, त्यसमाथिको संशोधन, परिमार्जन, स्वीकृति वा अस्वीकृतिको विषय एउटा सरकारको पक्ष वा विपक्षको कुरा नभएर, प्रक्रिया र प्रणालीको कुरा होइन र ?

- सोचौं, विधेयक निर्माणका क्रममा उठेका र बहस गरिएका विषयलाई मन नपरेको मन्त्री/सांसद र सरकारको थाप्लोमा फ्याँकी 'अभिव्यक्ति स्वतन्त्रता धरापमा पऱ्यो, लोकतन्त्र सकियो' जस्ता अनुपयुक्त सन्देश प्रवाह गर्ने र त्यसलाई अन्तराष्ट्रियकरण गर्ने खेलले हाम्रो लोकतन्त्रको जग कसरी मजबुत होला ? संसद, संसदीय अभ्यास, विधेयकको मस्यौदा र त्यसमाथिको छलफल, त्यसमाथिको संशोधन, परिमार्जन, स्वीकृति वा अस्वीकृतिको विषय एउटा सरकारको पक्ष वा विपक्षको कुरा नभएर प्रक्रिया र प्रणालीको कुरा *हो भनेर हामी सबै स्पष्ट हुनुपर्दछ। त्यसैका लागि विधेयकहरू संसदमा प्रस्तुत हुन्छन्, छलफल हुन्छन्, संशोधन हुन्छन्, परिमार्जन हुन्छन् र पारित गरिन्छन्।*

- म यहाँ एउटा विषय छलफल गर्न बाञ्छित ठान्छु। यस सम्मानित सदनमा उपस्थित हामीहरू सबै दशकौंको लोकतान्त्रिक आन्दोलनका सहयात्री हौं। तीसवर्ष अघि हाम्रो मुलुकमा रहेको शासन प्रणाली र सत्ता हाम्रो थिएन। त्यसलाई ध्वस्त पार्न त्यसका विरुद्ध हामी सबैले धेरथोर रगत पसिना बगाएका छौं। जेल, नेल, पारिवारिक बिखण्डन र सर्वस्वहरणसमेत व्यहोरेका छौं। त्यस सत्ताको समाप्ति र त्यसपछिको सत्ता कस्तो हुने भन्नेमा सल्लाह, बहस, बाझाबाझ र मारामारसमेत *भएका होलान्*। अन्ततः आ-आफ्ना सहमति/असहमतिसहित ऐतिहासिक संविधानसभाद्वारा जारी गरिएको संविधानलाई मूल धुरी मानी हामीले यो नयाँ सत्ता निर्माण गरेका हौं। आजको 'शासन प्रणाली' स्थापना गरेका हौं। यो 'शासन प्रणाली' तीन दशकअघिको जस्तै 'निषेध गर्नुपर्ने' प्रणाली निश्चय नै होइन।

- सरकारको प्रश्न त आवधिक कुरा हो। राम्रो काम हुँदा जनताले राख्छन्- चित्त नुबुझे मिति पुग्नासाथ फ्याँकिदिन्छन्। सरकारमा बसेका वा विपक्षमा रहेका हामीहरूको दायित्व यो नयाँ राज्यसत्तालाई सुदृढ गर्ने हो। लोकतन्त्रको लागि गरिएको आन्दोलन र लोकतन्त्रमा गरिने

सरकारमा बसेका वा विपक्षमा रहेका हामीहरूको दायित्व यो नयाँ राज्यसत्तालाई सुदृढ गर्ने हो। लोकतन्त्रको लागि गरिएको आन्दोलन र लोकतन्त्रमा गरिने आन्दोलनका बीचमा रहेको भेद हामीले छुट्याउन सक्नु पर्छ।

आन्दोलनका बीचमा रहेको भेद हामीले छुट्याउन सक्नु पर्छ। *यी दुई पृथक कुरा हुन्।*

- सभामुख महोदय, यहींनेर एउटा प्रश्नले अचेल मलाई हरदम पिरोलिरहन्छ- *'हामी विधायकका रुपमा पनि केहीलाई छोडेर भन्ने हो भने वा उमेरकै हिसाबले पनि केही अलिक पाका भइसक्यौं। तर व्यवहारमा त्यसअनुसारको परिपक्वता आवश्यक छ भन्ने मलाई लाग्छ।*

- गतवर्ष मैले भनेको थिएँ- "राजनीतिक अधिकारका मुद्दाहरू आधारभूतरूपमा हल भएको हुनाले मुलुकमा अहिले समृद्धिको तिर्खा छ।" त्यसैले सरकारको प्रतिबद्धताका रूपमा

मैले **'समृद्ध नेपाल, सुखी नेपाली'** को राष्ट्रिय आकांक्षालाई पटकपटक चर्चा गर्ने गरेको हुँ।

सभामुख महोदय,

- आजको प्रश्न हुनसक्छ- समृद्धिको अभियानमा प्रगति कति भयो ? नेपालीलाई सुखी बनाउने अभियान कहाँ पुग्यो ? यस गरिमामय सदनको बढी समय नलिनका लागि *मैले यससम्बन्धी तथ्यतथ्याङ्क र आँकडाहरू पिजन होलमा राख्न र माननीयजीहरूलाई बाड्न सभामुख महोदयबाट अनुमति चाहन्छु। त्यसको छुट्टै पुस्तक नै प्रकाशित भएको छ।*

- हाम्रो देश नेपाल अहिले उच्च आर्थिक बृद्धिदर हासिल गरिरेहका विश्वका १० प्रमुख मुलुकहरूको पंक्तिमा समावेश भएको छ। *नेपाल अलिक गरिब छ, पछाडि छ। त्यसकारण त्यस्तो लाग्दैन, तर पछाडि छ र पनि १० वटा तीब्र आर्थिक विकास गरिरहेका देशहरूमध्ये परेको छ र यसले तीब्र विकास गर्न सक्छ।* गणतन्त्र स्थापना पछिको एक दशकसम्म आर्थिक बृद्धि दर ४ प्रतिशत मात्र थियो। कुनै वर्ष त हाम्रो आर्थिक बृद्धिदर ०.७४ प्रतिशत मात्रै पनि थियो। अहिले ३ वर्षयता लगातार ६.५ प्रतिशतभन्दा माथिको आर्थिक बृद्धि रहेको

संख्यामा बोल्ने हो भने करिब ८० लाख जनसंख्या गरिबीको रेखामुनि थिए। आर्थिक वर्ष २०७६ को अन्त्यतिर जनसंख्याको ४२ प्रतिशतको अवस्थाबाट यो १६.५ प्रतिशतमा झरेको छ। अब हामी गरिबी निवारण मात्रै होइन, उन्मूलन नै गर्नेगरी अघि बढ्छौं।

छ। गत वर्ष ७.१ प्रतिशतको आर्थिक बृद्धि थियो। विगत ३ वर्षदेखि कुनैपनि प्रदेशमा आर्थिक बृद्धिदर ६ प्रतिशतभन्दा न्यून छैन। बितेका २ वर्षमा प्रतिव्यक्ति कूल राष्ट्रिय आम्दानी १८ प्रतिशतभन्दा माथि बढेको छ।

- स्मरण गर्न चाहन्छु, विगत २० वर्षमा हाम्रो औसत आर्थिक बृद्धिदर ४ प्रतिशतको हाराहारीमा थियो। आर्थिक बृद्धिदरमा आएको सुधारसँगै प्रत्येक वर्ष गरिबीको रेखामुनि रहने जनसंख्याको प्रतिशत १.५ बिन्दुले घटेको छ। आर्थिक वर्ष २०४७ सालतिर निरपेक्ष गरिबीको रेखामुनि रहनेको संख्या कूल जनसंख्याको ४२ प्रतिशत थियो। संख्यामा बोल्ने हो भने करिब ८० लाख जनसंख्या गरिबीको रेखामुनि

थिए। *आर्थिक वर्ष २०७६ को अन्त्यतिर जनसंख्याको ४२ प्रतिशतको अवस्थाबाट यो १६.५ प्रतिशतमा झरेको छ। अब हामी गरिबी निवारण मात्रै होइन, उन्मूलन नै गर्नेगरी अघि बढ्छौं।*

- मैले पहिले नै चर्चा गरिसकें, प्रदेशहरूको आर्थिक बृद्धि प्रायः समानस्तरको छ। जनता आवास तथा सुरक्षित बस्ती विकास कार्यक्रम, श्रमिकवर्गको न्यूनतम ज्यालामा भएको बृद्धि, स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कार्यक्रमको विस्तारले न्यून आय भएका जनतालाई थप राहत पुगेको छ। गरिबी घटाउन सहयोग पुगेको छ, रोजगारीको अवसर बढेको छ। यसबाट उत्पादकत्व बृद्धिमा मात्रै मद्दत पुगेको होइन, समग्रमा आर्थिक असमानता नै घटेको छ।

- प्रत्येक ३ प्रतिशतको आर्थिक वृद्धिले रोजगारीमा कम्तिमा १ प्रतिशतले बृद्धि गर्छ भन्ने मान्यता छ। हामीले ६.५ देखि ७ प्रतिशतको आर्थिक वृद्धि गरिरहँदा त्यही अनुपातले हेर्ने हो भने पनि रोजगारीको बृद्धि स्वभाविक रूपमा २ देखि ३ प्रतिशतको बीचमा हुन्छ।

- यसको अर्थ, हामीले श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई रोजगारी दिन सकेका छौँ भन्ने हो। *श्रमशक्ति जति बढ्दो छ,*

अब हामीले शिक्षालाई सीप र प्रविधिसँग जोडेर उद्यमशीलता विकास गर्दै स्वरोजगारी बढाउनु छ। मैले प्राविधिक शिक्षा र आम शिक्षाको अनुपात ७०:३० हुनुपर्छ भनेर यसै कारणले पनि भन्ने गरेको हुँ।

त्यति रोजगारी बढाएका छौं र त्यसलाई पूरा गरेका छौं। हाम्रो श्रम बजारमा जति जनशक्ति प्रवेश गर्छन्, त्यो श्रमशक्तिलाई नयाँ रोजगारीले भेट्ने भेट्ने स्थितिमा छ। श्रम बजारमा पहिले भएका बेरोजगारले काम नपाएका होलान्, तर नयाँ वेरोजगार थपिएका छैनन्। अहिले बेरोजगारहरूको तथ्यांक श्रम मन्त्रालयले संकलन गर्दैछ। विकास निर्माणको काममा श्रमिक अभावको स्थिति छ। यसको मतलब हो, आधारभूत तहमा रोजगारीका समस्याहरू क्रमशः हल हुँदै आएका छन्। हामीले थाँती रहेको पुरानो वेरोजगारीको समस्यालाई सम्बोधन गर्न सकेनौं होला, तर श्रम बजारमा जति थपिएका छन्, तिनीहरूमध्ये अधिकांशलाई सम्बोधन गर्न सकेका छौं। उपलब्ध जनशक्तिमा रहेको सीपको अभाव वा बेमेलका

कारण जगेडा श्रमिकबीच अभावको अवस्था सिर्जना हुन पुगेको छ। जीवनपयोगी शिक्षाको अभावमा शिक्षा, रोजगारी, पेशा र व्यवसायसँग आर्जित ज्ञान जोडिन सकेको छैन। यसले एकप्रकारको शिक्षित/साक्षर वेरोजगारहरूको जमात पैदा हुन पुगेको छ।

- शिक्षित बेरोजगारहरूलाई सीप र उद्यमशीलतासहितको उच्चस्तरको रोजगारीमा ल्याउने काम बाँकी छ। अब हामीले शिक्षालाई सीप र प्रविधिसँग जोडेर उद्यमशीलता विकास गर्दै स्वरोजगारी बढाउनु छ। मैले प्राविधिक शिक्षा र आम शिक्षाको अनुपात ७०:३० हुनुपर्छ भनेर यसै कारणले पनि भन्ने गरेको हुँ।

- यस अवधिमा बैंकहरूका शाखा ९ हजार ३९४ पुगेका छन्। यसरी बैंकिङ सेवाको विस्तार, यस २ वर्षको अवधिमा ४१ प्रतिशतभन्दा माथि भएको छ। ७ सय ५३ मध्ये स्थापना हुन बाँकी ८ स्थानीय तहमा पनि चाँडै नै बाणिज्य बैंकका शाखाहरू स्थापित हुँदैछन्। हामीले शुभारम्भ गरेको **खोलौं बैक खाता** एउटा सफल अभियान बनेको छ, जसअन्तर्गत डेढ लाख बढी नयाँ खाता थएिका छन्। बीमाको पहुँच दोब्बर

विदेशी तथा आन्तरिक लगानी प्रतिवद्धतामा उत्साहप्रद बृद्धि हुँदै आएको छ। चालू वर्षमा मात्र झण्डै रु.२ खर्बको लगानी प्रतिवद्धता थपिएको छ। लगानी बोर्डले गत डेढ वर्षमा रु. ३२३ अर्ब बराबरको बैदेशिक लगानी स्वीकृत गरेको छ।

भएको छ। यसलाई शतप्रतिशत नागरिकसम्म विस्तार गर्ने लक्ष्यका साथ, कार्यक्रम कार्यान्वयन भइरहेको छ।

- एउटा भ्रमको खण्डन गर्ने अनुमति चाहन्छु- यस सरकारले करको दर होइन, दायरा बढाउने सोंच अघि बढाएको छ। २ वर्षमा व्यावसायिक कर-प्रमाणपत्र लिनेको संख्या ३० प्रतिशतले बढेको छ।

- राजश्व र करबाट राष्ट्रिय ढुकुटी बलियो हुँदा मात्रै सरकारले जनहित र सामाजिक सुरक्षा र लोक कल्याणकारी लोकप्रिय कामहरू गर्ने सामर्थ्य बढाउदैं लैजान सक्छ। वडा तहदेखि गाउँ र नगरपालिका, प्रदेश र केन्द्रभाग सिंहदरबारसम्म निर्वाचित जनप्रतिनिधिहरूले जवाफदेही र जिम्मेवारीबोधका

साथ कार्यसम्पादन गरिरहेको प्रत्यक्ष लोकतन्त्रको अभ्यासमा हामी छौं। यसको हेक्का गरेर नै जनउत्तरदायी ढंगले काम गर्ने प्रयास जारी छ।

- विदेशी तथा आन्तरिक लगानी प्रतिवद्धतामा उत्साहप्रद बृद्धि हुँदै आएको छ। चालू वर्षमा मात्र झण्डै रु.२ खर्बको लगानी प्रतिवद्धता थपिएको छ। लगानी बोर्डले गत डेढ वर्षमा रु. ३२३ अर्ब बराबरको वैदेशिक लगानी स्वीकृत गरेको छ।

- निर्यात २६.१ प्रतिशतले बृद्धि भएको छ भने आयात ४ प्रतिशतले घटेको छ। कूल व्यापार घाटा ६.१ प्रतिशतले घटेको छ। नेपालको व्यापार विविधिकरणमा उल्लेखनीय सुधार आएको छ। पहिले भारतसित ६८ प्रतिशत र बाँकी अरु देशसित ३२ प्रतिशत मात्रै हुन्थ्यो भने अहिले ती देशहरूसित ४० प्रतिशतभन्दा *बढी व्यापार हुन पुगेको छ। यसबाट व्यापार विविधिकरण बढेको स्पष्ट हुन्छ।*

- कोलकातामा नेपालले आफ्नै कन्टेनर ट्रेड स्टेशन निर्माण गरी संचालनमा ल्याएको छ। लार्चाको सुख्खा बन्दरगाह संचालनमा आई भूकम्पपछि बन्द रहेको तातोपानी नाकाबाट व्यापारिक वस्तुको आयात/निर्यात हुन थालेको छ।

मैले सबै जिल्लाहरू तुइनमुक्त भए भनिरहन आवश्यक देख्न छाडेको छु। 'भएनन्, भएको छैन, होइन' जस्ता नकारात्मक बहसमा रुचि राख्नेहरूलाई पनि स्थान नहोस् भन्नका लागि यत्तिचाँहि उल्लेख गर्न चाहन्छु, निर्माणाधीन र निर्माणको प्रक्रियामा रहेका तुइनको संख्या अब मुलुकभर डेढ दर्जन पनि बाँकी छैनन्।

- सिंचाई सुविधामा विस्तार र कृषिमलमा बढाइएको अनुदानले खाद्यान्न उत्पादन उल्लेखनीय रूपमा बृद्धि भएको छ। दूधको उत्पादन उत्साहजनक छ। अण्डाको उत्पादनमा मुलुक आतमनिर्भर भएको छ भने माछामासुको उत्पादनमा आत्मनिर्भरतर्फ उन्मुख छ।

- कुनै समय सिङ्गो वर्षभरिमा १० किलोमिटर मात्र सडक कालोपत्रे भएको अवस्थासमेत थियो। यो सरकार गठन भएपछि प्रतिदिन करिब ५.७ *अर्थात् ६ किलोमिटरका दरले कालोपत्रे सडक निर्माण भइरहेको छ।* यस अवधिमा कूल ३ हजार ६ सय ३६ किलोमिटर सडक कालोपत्रे भएको छ। ३ हजार ५ सय ७९ किलोमिटर ग्राभेलस्तरको सडक निर्माण

भएको छ। वितेका दुई वर्षमा मात्रै ३ सय २५ वटा सडक पुल निर्माण भएका छन्। चालू आर्थिक वर्षको ५ महिनामा मात्रै ४१ वटा सडक पुल निर्माण भएका छन्।

- मैले सबै जिल्लाहरू तुइनमुक्त भए भनिरहन आवश्यक देख्न छाडेको छु। 'भएनन्, भएको छैन, होइन !' जस्ता नकारात्मक बहसमा रुचि राख्नेहरूलाई पनि स्थान नहोस् भन्नका लागि यत्तिचाँहि उल्लेख गर्न चाहन्छु, निर्माणाधीन र निर्माणको प्रक्रियामा रहेका तुइनको संख्या अब मुलुकभर डेढ दर्जन पनि बाँकी छैनन्। र, *सवासय भन्दा बढी तुइन विस्थापन भइसकेका छन्।*

- जलस्रोतको धनी तथा दक्षिण एशियामा बिजुली उत्पादन गर्ने पहिलो मुलुक हुँदाहुँदै झण्डै सय वर्षसम्म बिजुलीको हाम्रो कूल उत्पादन ५०० मेगावाटभन्दा तलै सीमित थियो। केही समय अघिसम्म हामी दिनको १८ घण्टासम्म लोडसेडिङ भोग्न बाध्य थियौं। अहिले विद्युत्को कूल जडित क्षमता १ हजार २८६.६१ मेगावाट पुगको छ। यससँगै लोडसेडिङको पूर्ण अन्त्य भएको मात्र होइन, छिमेकी भारतलाई विद्युत् बिक्रीसमेत गर्न थालिएको छ। निकट भविष्यमा नेपाली बिजुली भारत हुँदै तेस्रो मुलुकतिर निर्यात गर्न आधार तयार भएको छ। बिजुलीको पर्याप्त उपलब्धता भएसँगै एउटा

नेपालको उत्पादित विद्युत् भारत र बंगलादेश तथा अरुतिर पनि बितरण गर्नका लागि अगाडि बढाइएको छ। नेपाल र चीनबीच ऊर्जा सहमति र सहकार्यको सम्झौता सम्पन्न भएको छ।

युगमा नै परिवर्तन आएको छ। ८८ प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुगेको छ। *प्रतिव्यक्ति विद्युत् खपत १४५ बाट यस अवधिमै २४५ किलोवाट घण्टा पुगेको छ।* २२.९ प्रतिशतमा रहेको विद्युत् चुहावटलाई १५.५ प्रतिशतमा झारिएको छ। दियालो/दियो हुँदै मट्टितेलको प्रयोगबाट बल्ने बत्तीको युग अब सदाका लागि अन्त्य नै हुँदैछ।

- गल्छी-रसुवागढी-केरुङ ४ सय केभी क्षमताको अन्तरदेशीय विद्युत् प्रशारण लाइन निर्माणका लागि सर्वेक्षण गर्न नेपाल विद्युत् प्राधिकरण र स्टेट ग्रिड कर्पोरेशन लिमिटेड चाइनाबीच समझदारीपत्र सम्पन्न भएर आ-आफ्नो भू-भागमा पर्ने खण्डको अध्ययनसम्बन्धी कार्य सुरु गरिएको छ।

- नेपाल-भारत सीमादेखि भारतको गोरखपुरसम्मको १२० किलोमिटर लम्बाईको ४ सय केभी अन्तरदेशीय विद्युत् प्रशारण लाइन निर्माणको लागि नेपाल विद्युत् प्राधिकरण र भारतको पावरग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडको ५०-५० प्रतिशत सेयर पूँजी रहनेगरी संयुक्त स्वामित्वको कम्पनी स्थापना गर्न दुई देशबीच सहमति भएको छ। यसबाट नेपालमा उत्पादित विद्युत् भारत र बंगलादेश तथा अरुतिर पनि बितरण गर्नका लागि कार्य अगाडि बढाइएको छ। नेपाल र चीनबीच ऊर्जा सहमति र सहकार्यको सम्झौता सम्पन्न भएको छ।

- मुजफ्फरपुर-ढल्केबर अन्तरदेशीय विद्युत् प्रसारण लाइनको भारतका प्रधानमन्त्रीसँग संयुक्तरूपमा उद्घाटन गरेर संचालनमा आएपछि विद्युत् आयात निर्यातको ढोका खुलिसकेको छ। एमसीसी कम्प्याक्टअन्तर्गत लप्सेफेदी - रातामाटे - दमौली - हेडौंडा - पाल्पा - बुटवल र गोरखपुरसम्म अन्तरदेशीय विद्युत् प्रसारण लाइन र आवश्यक सबस्टेसन निर्माणको कार्य सम्पन्न गर्ने योजना दीर्घकालीन महत्वको मात्र नभएर नेपालको अपार जलविद्युत् सामर्थ्य उपयोगमा कोसेढुंगा हुनेछ। अमेरिकी सरकारको करिब ५५ अर्ब अनुदान र हाम्रो १४ अर्ब हाराहारीको लगानीका साथ सम्पन्न हुने यस

यो २ वर्षमा मानव विकास सूचकांक, व्यवसाय गर्ने सहज वातावरण, भोकमरीको अवस्था, शान्ति तथा कानूनी शासन, भ्रष्टाचार निवारण, पर्यटकीय प्रतिस्पर्धा, लैंगिक समानता जस्ता विश्वव्यापी सूचकांकमा नेपालले उल्लेख्य सुधार गरेको छ।

परियोजनाले राष्ट्रिय गौरवको योजनाको महत्व र हैसियत प्राप्त गरेको छ। आगामी पाँच वर्षभित्र यस आयोजनाको निर्माण कार्य पूरा भइसक्दा नेपालको अर्थतन्त्र, वैदेशिक व्यापार, भुक्तानी सन्तुलन र ऊर्जा उपयोगको तस्बिर नै बदलिने निश्चित छ।

- यो २ वर्षमा मानव विकास सूचकांक, व्यवसाय गर्ने सहज वातावरण, भोकमरीको अवस्था, शान्ति तथा कानूनी शासन, भ्रष्टाचार निवारण, पर्यटकीय प्रतिस्पर्धा, लैंगिक समानता जस्ता विश्वव्यापी सूचकांकमा नेपालले उल्लेख्य सुधार गरेको छ।

- नेपालमा गरिबी अवश्य छ, तर भोकमरीको अन्त्य गरिएको छ। यहाँ अब कोही भोकै पर्दैन, कोही भोकले मर्दैन!

सभामुख महोदय,

- पहिले सरकारका प्रतिबद्धता र उद्देश्यबारे चर्चा गर्दा 'गफ गरेर हुन्छ? *गर्छु भनेर हुन्छ? काम गरेको देखिनु पर्‍यो, यो काम गरेँ भनेर आउनु पर्‍यो, तथ्य, आँकडा प्रस्तुत हुनुपर्‍यो' भनेको सुन्थें।* अहिले परिवेश अलिक भिन्न देखिएको छ। यो एक वर्षदेखि एउटा थेगोजस्तै- 'अंक र आँकडाबाट हुन्छ? ग्लोबल इण्डेक्समा होइन, जनतामा इम्प्रेसन' के छ बुझ भन्ने जस्ता कुरा सुनिन थालेको छ।

- यस्ता तर्क सुन्दा बेला बेलामा म विस्मित हुने गर्छु। भनौं कि जस्तो पनि लाग्छ- ठीकै छ! 'अंकमा होइन, अनुभूति नै सही- इण्डेक्स होइन, इम्प्रेसन' कै कुरा गरौं न त! *परिणाम के छ?*

- यो सरकार बन्नुअघि तराईमा शीतलहर र हिमाली क्षेत्रमा जाडोमा कठ्याँङ्ग्रिएर हरेक हिउँदमा कोही न कोहीले ज्यान गुमाउनै पर्थ्यो। विगत दुई वर्षयता जाडो वा शीतलहरबाट

गएको उपनिर्वाचनमा केही स्थानमा सरकार पक्षधरले जिते र केही स्थानमा हारे पनि। समग्रमा सीटको संख्या वा मतको संख्यामा पनि सरकारको पक्षमा बढी आयो। यसले अवश्य नै इम्प्रेसन देखाएको छ भन्ने मलाई लाग्छ, यो जनतामा इम्प्रेसनको कुरा नै हो र तथ्य पनि हो।

कसैले पनि ज्यान गुमाउनु परेको छैन। यो अङ्कका साथसाथै अनुभूति पनि हो।

- *भर्खरै राष्ट्रियसभाको निर्वाचनले पनि जनतामा के अनुभूति छ, त्यो कुरा बताएको छ भन्ने मलाई लाग्छ। कसैले भन्नुहोला यो त पुरानै आधारमा खडा भएको हो परिणाम हो। त्यसै ठान्ने हो भने पनि गएको उपनिर्वाचनमा केही स्थानमा सरकार पक्षधरले जिते र केही स्थानमा हारे पनि। समग्रमा सीटको संख्या वा मतको संख्यामा पनि सरकारको पक्षमा बढी आयो। यसले अवश्य नै इम्प्रेसन देखाएको छ भन्ने मलाई लाग्छ, यो जनतामा इम्प्रेसनको कुरा नै हो र तथ्य पनि हो।*

- ४० वर्षपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग तोकिएको समयभित्रै पुनर्निर्माण गरिएको छ। र, जुनसुकै विमान पनि उड्न र बस्न सक्नेगरी विमानस्थल व्यवस्थित गरिएको छ। *'बुटिक एयरपोर्ट' निर्माणको हाम्रो प्रयास अहिले अन्तर्राष्ट्रिय विमानस्थलको ट्रमिनल हेर्ने जो कोही माननीयजीहरूलाई वा अरू जो कोहीलाई पनि बीचमा आएका परिवर्तनहरू सुधार र भएका धेरै ठाउँका सुधार र उन्नतिहरू अवश्य थाहा भएको हुनुपर्छ भन्ने मलाई लाग्छ।* धेरै ठाउँमा एयरपोर्टहरूको विकास गरिएको छ, विस्तार गरिएको छ र रात्री सेवाहरू पनि अगाडि बढाइएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वार्षिक ३२ हजारभन्दा बढी अन्तर्राष्ट्रिय र झण्डै ९२ हजार आन्तरिक उडान हुने गरेका छन्। यो अङ्क पनि हो र अनुभूति पनि।

- विश्व बैंकले हालै सार्वजनिक गरेको 'वुमेन, बिजनेस एण्ड द ल - २०२०' रिपोर्टका अनुसार महिला, व्यवसाय र कानुनका क्षेत्रमा सुधार गर्ने प्रमुख १० देशको सूचीमा नेपाल परेको छ, त्यो पनि उत्कृष्ट तीनमा। यो अंक पनि हो र अनुभूति पनि *हो। नेपालका लागि यो खुशीको कुरा पनि हो।*

विश्व बैंकले हालै सार्वजनिक गरेको 'वुमेन, बिजनेस एण्ड द ल – २०२०' रिपोर्टका अनुसार महिला, व्यवसाय र कानुनका क्षेत्रमा सुधार गर्ने प्रमुख १० देशको सूचीमा नेपाल परेको छ, त्यो पनि उत्कृष्ट तीनमा। यो अंक पनि हो र अनुभूति पनि।

- विगत २४ वर्षदेखि चर्चामा मात्रै रहेको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन, मेरो छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमणको समयमा मैले त्यहाँका प्रधानमन्त्रीसँग संयुक्त रूपमा शिल्यान्यास गरेको १७ महिनामै सम्पन्न भयो। *यो अङ्क मात्रै होइन होला।*

- सबै नेपालीको टेलिफोन सेवामा पहुँच पुगेको छ। ६६ प्रतिशत जनसंख्याले इन्टरनेट सुविधाको उपभोग गरेका छन् र सबै जिल्लामा फोर–जी सेवा पुगेको छ। *फोरजी एउट सपनाजस्तो, एउटा कल्पनाजस्तो, एउटा असम्भव असम्भव जस्तै लाग्ने विवादजस्तो भएको थियो। अब यो यथार्थ भएको छ।* यसले अंक पनि बोल्छ र अनुभूति पनि।

- भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत गत २ वर्षमा ३ लाख ७४ हजार निजी घरको निर्माण सम्पन्न भएको छ। ३०० भन्दा बढी सरकारी भवन, २ हजार ६०० भन्दा बढी विद्यालय भवनहरू बनेका छन्। ३२५ पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको छ। ऐतिहासिक धरहरा र रानीपोखरीको पुनर्निर्माण तीब्र गतिमा भइरहेको छ। *बाहिरबाट देख्न सक्नेगरी यो प्रगति छ।* यो अङ्क पनि हो, अनुभूति पनि।

- जनता आवास कार्यक्रमअन्तर्गत ८ हजार आवास एकाईहरू निर्माण गरिएका छन्। २०७५ चैत १७ गते राती आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लामा क्षति भएका ८ सय ६९ घरहरूको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी उपभोक्ताहरूलाई हस्तान्तरण गरिसकिएको छ। *जुन कुरा माननीयजीहरूलाई अवगत नै छ। जनताप्रतिको उत्तरदायित्व बोध र त्यसमा तदारुपताको एउटा नमूना हो भन्ने मलाई लाग्छ।* यसले जनताप्रतिको हाम्रो उत्तरदायित्व र जिम्मेवारीबोधलाई स्पष्ट गरेको छ। जनता आफै पीडामा परेको बेला यो सबल सरकार हुनुको अर्थ र अनुभूति दुबै हो।

२०७५ चैत १७ गते राती आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लामा क्षति भएका ८ सय ६९ घरहरूको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी उपभोक्ताहरूलाई हस्तान्तरण गरिसकिएको छ। यसले हाम्रो जनताप्रतिको उत्तरदायित्व र जिम्मेवारीबोधलाई स्पष्ट गरेको छ।

- विद्यालयमा खुद विद्यार्थी भर्ना दर शतप्रतिशत हुँदैछ, विद्यालय छाड्ने दर २.६ प्रतिशतमा झरेको छ। संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)को विश्व प्रतिवेदन-'अ वर्ल्ड रेडी टु लर्न' मा सन् २००० पछिका १७ वर्षहरूमा नेपालको विद्यालय भर्ना दर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको छ। *यसले अंक मात्रै बोल्दैन, उपलब्धि र अनुभुति पनि बोल्छ।*

- मैले सत्ता सम्हालेको वर्षमा स्वास्थ्य बीमा जम्मा १५ जिल्लामा लागू भएको थियो। अहिले ५१ जिल्लाका २७ लाख १७ हजार ६ सय ७५ जना लाभान्वित हुनेगरी विस्तार

भएको छ। अस्पतालहरूमा ९ हजार शैय्या उपलब्ध छन्। *यसले अंक पनि बोल्छ र निश्चय नै अनुभूति पनि दिन्छ।*

- दक्षिण एसियामा नेपाल यसै अवधिमा पहिलो खुला दिसामुक्त मुलुक घोषणा भएको छ। *यसले नेपाललाई सभ्यताको एउटा सिढीँ उठाएको छ भन्ने म ठान्छु।* शतप्रतिशत जनसंख्यामा आधारभूतस्तरको सरसफाईको पहुँच छ। ८९ प्रतिशत जनसंख्याको खानेपानीमा आधारभूतस्तरको पहुँच छ। यो दुई वर्षमा तराई मधेसका २० जिल्लाहरूमा ४ सय ११ किलोमिटर ढल निर्माण गरिएको छ। *तराईमा ढलको त परिकल्पना पनि थिएन।* तराई मधेसमा ढल निर्माण सरसफाईको क्षेत्रमा नयाँ प्रगति हो। र, यो अंक तथा अनुभूति दुबै हो।

- काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न बन्चरे डाँडामा आधुनिक प्रविधियुक्त स्यानेटरी ल्याण्डफिल्ड साइट निर्माणको पहिलो चरणको काम आगामी चैतभित्र सम्पन्न हुँदैछ।

- संघीय संसद भवन ३ वर्षमा सक्नेगरी निर्माण आरम्भ गरिएको छ। ललितपुरको गोदावरीमा ३ हजार क्षमताको

दक्षिण एसियामा नेपाल यसै अवधिमा पहिलो खुला दिसामुक्त मुलुक घोषणा भएको छ। यसले नेपाललाई सभ्यताको एउटा सिढीँ उठाएको छ भन्ने म ठान्छु। शतप्रतिशत जनसंख्यामा आधारभूतस्तरको सरसफाईको पहुँच छ।

सभाहल निर्माणको काम भइरहेको छ। *यी सबै उपलब्धि नै हुन्।*

- सामाजिक सुरक्षा कार्यक्रमको दायरा बढेको छ। अहिले विभिन्न ८ प्रकारका सामाजिक सहायताका कार्यक्रम सञ्चालित छन्। यसमा करिब १ करोड जनता समेटिएका छन्। यस अवधिमा श्रमिकको पारिश्रमिकमा ३९ प्रतिशतले बृद्धि भएको छ। खुद ज्याला, महंगीको अनुपातभन्दा माथि भएकाले केही हदसम्म भवितव्यको सामना गर्न वचत गर्नसक्ने अवस्था छ। कूल जनसंख्याको झण्डै १० प्रतिशत अर्थात् २८ लाखभन्दा बढीले कुनै न कुनै किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन्।

- योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई राष्ट्रिय अभियानको रूपमा प्रारम्भ गरिएको छ। यस योजनामा सूचीकृत रोजगारदाताको संख्या १२ हजार १ सय ५५ र सूचीकृत श्रमिकको संख्या १ लाख ४८ हजार १ सय १ पुगेको छ। यही संख्यालाई लिएर 'सरकारले नयाँ युगको शुरुवात' भन्दै थालेको यस योजनामा 'योगदानकर्ताको व्यापक अनिच्छा' जस्ता प्रचारप्रति मेरो ध्यानाकर्षण भएको छ। आयकरको सिलिङका कारण कोषमा सूचीकृत हुने योगदानकर्तामा रहेको द्विविधालाई सम्बोधन गर्न हालै सरकारले सामाजिक सुरक्षा कोषमा योगदान गर्नेले आयकर प्रयोजनका लागि आफ्नो आयबाट घटाउन पाउने रकमको सीमा रु. ३ लाखबाट बढाई रु. ५ लाख कायम गरेको छ। सबै प्रकारका रोजगारीमा संलग्नहरूको भविष्यसंग जोडिएको र मुलुकलाई कल्याणकारी राज्यमा रूपान्तरण गर्ने यस युगान्तकारी कार्यक्रमलाई आम श्रमजीवी वर्गको तहमा विस्तार गर्न जरुरी छ। यस योजनाले काम गर्ने र काम गराउने दुबै पक्षलाई उत्तिकै लाभ पुऱ्याउँछ। श्रम सम्बन्धलाई उद्यम/व्यवसाय मैत्री बनाउँछ। तसर्थ, सम्पूर्ण उद्योगी, व्यवसायी र श्रमिकहरूलाई यस अभियानमा ढिलो नगरी सूचीकृत हुन म आह्वान पनि गर्न चाहन्छु।

योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई राष्ट्रिय अभियानको रूपमा प्रारम्भ गरिएको छ। यस योजनामा सूचीकृत रोजगारदाताको संख्या १२ हजार १ सय ५५ र सूचीकृत श्रमिकको संख्या १ लाख ४८ हजार १ सय १ पुगेको छ।

सभामुख महोदय,

- मैले पटक/पटक भन्ने गरेको छु- 'म आफू भ्रष्टाचार गर्दिनँ र अरुलाई पनि गर्न दिन्नँ।' गतवर्षको सम्बोधनका क्रममा मैले भनेको थिएँ- कसैले मेरो भनाइलाई भन्नको लागि भनेको ठानेको छ भने त्यसले गल्ती गर्दैछ। दूराचारी र दूराचार, भ्रष्ट र भ्रष्टचारका सन्दर्भमा मुखमा पानी हालेर बोल्ने मेरो बानी छैन। जो जतिसुकै उच्च ओहोदावाल होस् या कथित पहुँचवाला, तिनको मुख हेरेर सजाय तोकिन्नँ। कारबाही गर्ने/नगर्ने *फैसला मुख हेरेर लिइन्नँ।*

- सुशासनका संयन्त्रहरू क्रियाशील हुँदा भ्रष्टाचारमा निर्लिप्त हुनेहरू मुर्मुरिँदा रहेछन् । यस्तो अवस्थामा 'निल वर्ण श्रृङ्गाल कथा' सम्झनामा आउँदो रहेछ !

- सार्वजनिक जग्गा हडप्नेका विरुद्ध कारबाही सुरु गर्दा होस् वा राजश्व अपचलनको कसुरमा लाग्नेका विरुद्धको कार्यमा होस्, मैले पटकपटक आलोचना खाएको छु। तस्करहरू समातिएपछि खोई सुन भन्दै बुरुकबुरुक उफ्रिएको देखेको छु। आज सुनकाण्डमा अदालतले छाडिदिएका दोषीहरूबाहेक अरु जेलमा नै छन्। सुन तस्करीको लाइन तहसनहस र बन्द पारिएको छ। *जंगलमा लुकाएका, मझेरीमा गाडिएका र लुकाएर राखेको सुन पत्रिएको छ।* मैले पहिले नै भनिसकेको छु– अङ्क र विवरणको लामो फेहरिस्तमा जान चाहन्नँ। फेरि पनि यस सम्मानित सदनको जानकारीका *लागि केही कुरा थप्न चाहन्छु :*

- यो दुई वर्षमा राजश्व चुहावट, विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारी एवं झूठा तथा नक्कली बिल जारी गर्ने कसूरमा कर्मचारी तथा विभिन्न फर्महरूसहित ७ सय ९५ जनाविरुद्ध २६ अर्ब ७ करोड ९९ लाख रुपियाँ बिगो दाबी गरी अदालतमा मुद्दा दायर गरिएको छ।

सार्वजनिक जग्गा हडप्नेका विरुद्ध कारबाही सुरु गर्दा होस् वा राजश्व अपचलनका कसुरमा लाग्नेका विरुद्धको कार्यमा होस्, मैले पटक पटक खप्की खाएको छु। तस्करहरू समातिएपछि खोई सुन भन्दै बुरुकबुरुक उफ्रिएको देखेको छु।

- सरकारी सम्पत्ति फिर्ता ल्याउन सरकारले चलाएको कारबाहीअन्तर्गत विभिन्न ठाउँका जमिनहरू फिर्ता लिने अभियान नै चलाइएको छ। सिरहाको २१ विघा, सर्लाहीको २३४ विघा र बर्दियाको ४६ विघा जग्गा यस प्रसंगमा उल्लेखनीय छन्। माथिल्लो त्रिशुली-थ्रिए जलविद्युत् परियोजनाको पहुँचमार्गका लागि सरकारले भोगाधिकार दिएको जग्गामा मैले सरकारको जिम्मेवारी लिनु केही दिन अघि मात्र नक्कली मोही खडा गरी तिनका नाममा दर्ता गरिएको ११० रोपनी जग्गा हालै खारेज गरी फिर्ता लिइएको छ। बालुवाटारस्थित बहुचर्चित ललिता निवासको १३६ रोपनी जग्गामाथि गरिएको जालसाँजीविरुद्ध मैले नै एउटा छानविन समिति बनाएँ। समिति बन्नुअघि र त्यसको

प्रतिवेदन सरकारले सार्वजनिक गर्नुअघि सर्वत्र शान्ति देखिन्थ्यो। त्यसपछिका प्रतिक्रिया रमाइला देखिए/सुनिए। *ललिता निवास र प्रधानमन्त्रीको सरकारी निवास दुबै बालुवाटारमै भएकाले प्रधानमन्त्रीले नै जग्गा बेचेर खाएछ भने जस्तो भान पर्नेगरी 'बालुवाटार काण्ड'लाई प्रचार-प्रसार र आक्रमणको कारण बनाइयो। लुटिएको सरकारी जग्गा फिर्ता ल्याउन पहल गर्ने मलाई नै, मेरै पो त्यसमा कैफियत छ कि जस्तो गरेर प्रचार-प्रसार गरियो!*

- *यस सन्दर्भमा केही साथीहरूको भूमिका एउटा चिनियाँ लोककथासँग मिल्दो देखियो। त्यो चिनियाँ लोककथामा छ, एकजना 'ड्रागन' मन पराउने मान्छे थियो। 'ड्रागन' असाध्यै मन पराउने! उसले घरभरी, भित्ताभरी जतासुकै ड्रागनकै चित्र लेख्थ्यो। 'ड्रागन'को प्रार्थना गर्दथ्यो। 'ड्रागन'को प्रशंसा गर्दथ्यो। उसको प्रशंसा र भक्तिभाव देखेर 'ड्रागन' अत्यन्त प्रसन्न भयो र एकदिन 'ड्रागन' प्रकट भयो। 'ड्रागन' देख्दाखेरि विचरा भाग रे भाग भएछ! मलाई त्यस्तै जस्तै लाग्छ। जब 'ड्रागन' आउन थाल्यो, समस्या बेग्लै देखिन थाल्यो।*

- सरकारले ललिता निवास प्रकरणमा समितिले जे प्रतिवेदन दियो, त्यसलाई आवश्यक कारबाहीका लागि संवैधानिक

ललिता निवास र प्रधानमन्त्रीको सरकारी निवास दुबै बालुवाटारमै भएकाले प्रधानमन्त्रीले नै जग्गा बेचेर खाएछ भने जस्तो भान पर्नेगरी 'बालुवाटार काण्ड'लाई प्रचार-प्रसार र आक्रमणको कारण बनाइयो। लुटिएको सरकारी जग्गा फिर्ता ल्याउन पहल गर्ने मलाई नै, मेरै पो त्यसमा कैफियत छ कि जस्तो गरेर प्रचार-प्रसार गरियो!

अङ्ग - अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठायो। आयोगले छानविन गरुञ्जेल केही मानिसले अधीरतापूर्वक सरकारलाई उत्तेजित पार्नेगरी "खोई त कारबाही" भन्दै प्रश्न गरिरहे। यो शृङ्खला आरोपितहरूविरुद्ध मुद्दा दायर हुने दिनसम्मै चलिरह्यो। छानविनको समयमा होस् वा त्यसपछि सरकार शान्त रह्यो। र, सरोकारवाला निकायद्वारा विधिपूर्वक गरिने काममा सहयोगी रह्यो।

- आरोपितहरूविरुद्ध जब मुद्दा दायर भयो - देखिएका र सुनिएका प्रतिक्रिया लगभग ड्रागनप्रेमी युवाको जस्तै रहे। यस सन्दर्भमा म एउटा गीत - "देखाउनेले दाग देखायो किन रुवाबासी ?" स्मरण गर्न चाहन्छु।

- मेरो भनाई यत्ति छ- भद्रगोल स्थिति र प्रणालीबिहीन अवस्थामा लड्खडाई रहेको मुलुकलाई ट्र्याकमा ल्याउन हामी सबै संयम र सहयोगी बनौं। आरोपीहरू न्यायालयले फैसला नगरेसम्म अपराधी हुन्नन्। हाम्रो लोकतन्त्रमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच स्वतन्त्र र अन्तरसम्बन्धित 'सन्तुलन र नियन्त्रण'को व्यवस्था यसै कारणले गरिएको हो। संवैधानिक आयोगहरू हाम्रो लोकतन्त्रलाई स्वच्छ राख्न निर्मित स्वायत्त संस्थाहरू हुन्। तिनीहरू बलियो हुँदा प्रणाली दुरुस्त हुन्छ। प्रणाली दुरुस्त हुँदा 'लाइनमा नबसी टुङ्गोमा पुग्न पल्केकाहरू' बाहेक सबैलाई लाभ हुन्छ।

- म स्पष्ट पार्न चाहन्छु, सरकार कसैप्रति पनि आग्रही वा पूर्वाग्रही छैन, हुँदैन। आग्रह, पूर्वाग्रह बेगर चर्चामा ल्याइएका वा चर्चामा रहेका सुन तस्करी, वाइडबडी, न्यारोबडीलगायत विभिन्न प्रकरणको निष्पक्ष छानविन हुन्छ। *म यहाँहरूलाई आश्वस्त पार्न चाहन्छु।*

- नेपाल ट्रस्टको जग्गाको सन्दर्भमा भइरहेका विभिन्न किसिमका चर्चा परिचर्चा मेरो जानकारीमा छन्। नेपाल ट्रस्टको सम्पत्तिको संरक्षण गरी त्यसलाई मुलुकको हित हुनेगरी उपयोग र प्रवर्द्धन गर्ने काम सरकारले कानुनबमोजिम

संवैधानिक आयोगहरू हाम्रो लोकतन्त्रलाई स्वच्छ राख्न निर्मित स्वायत्त संस्थाहरू हुन्। तिनीहरू बलियो हुँदा प्रणाली दुरुस्त हुन्छ। प्रणाली दुरुस्त हुँदा 'लाइनमा नबसी टुङ्गोमा पुग्न पल्केकाहरू' बाहेक सबैलाई लाभ हुन्छ।

गर्छ र दृढताका साथ गर्छ। म सभामुख महोदयमार्फत स्पष्ट रहन आग्रह गर्न चाहन्छु।

- मातातीर्थस्थित नेपाल ट्रस्टको स्वामित्वमा रहेको करिव १७४ रोपनी जग्गामा भएको कानुन विपरित मोही काण्डको तथ्य पनि सार्वजनिक भइसकेको छ। केही ब्यक्तिलाई लाभ पुऱ्याउने नियतका साथ 'नीतिगत निर्णय लिनुपर्ने अवस्था भयो' भन्दै २०६९ साल कात्तिक २ गते यस सम्बन्धमा नेपाल ट्रस्ट ऐन २०६४ को दफा (४)को उपदफा (२) र (३) विपरित निर्णय भएको देखिन्छ। *ट्रस्टको जमिन हिनामिना पार्न नपाइने, कसैको नाममा बेच्न नपाइने वा नामसारी गर्न नपाइने कानूनी व्यवस्था छ। त्यो व्यवस्था हुँदाहुँदै ट्रस्टको*

नक्कली मोही खडा गरेर ट्रस्टको १७४ रोपनी जमिन व्यक्तिको नाममा गर्दिनु भन्ने आदेशबाट व्यक्तिका नाममा गरेको पाइएको छ। यसको छानविन हुन्छ। छानविन मात्रै होइन, सरकारले फिर्ता नै ल्याउँछ। जसरी ललिता निवास प्रकरणमा राज्यको सम्पत्तिमा भएको अवाञ्छित दोहनको छानविन गरी कारवाही अघि बढाइएको छ, यस काण्डको पनि सोहीअनुरूप छानविन हुन्छ।

- सुशासनका संयन्त्रलाई थप प्रभावकारी र पारदर्शी बनाउन डिजिटल फ्रेमवर्कअन्तर्गत विभिन्न प्लेटफर्म तयार गरिएको छ। राष्ट्रिय परिचयपत्र, नागरिक अधिकार एप, हेलो सरकार, अनुगमन पोर्टल र हालै अध्यागमन विभागले शुरु गरेको नेपालीपोर्ट नामक सफ्टवेयरलगायत दर्जनभन्दा बढी डिजिटल प्लेटफर्म यस सन्दर्भका उदाहरण हुन्।

- प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन रुम अनुगमनको प्रभावकारी स्थल बनेको छ। सिंगापुरबाट मन्त्रिपरिषद् का सदस्यहरूसँग छलफल, मुख्यमन्त्रीहरूसँग सामुहिक छलफल, मोतिहारी–अमलेगञ्ज पेट्रोलियम पाइपलाइन, माथिल्लो त्रिशुली थ्रीए, विराटनगरमा नवनिर्मित आइसीपी तथा नुवाकोट र गोरखामा भूकम्प पीडितहरूका लागि

सुशासनका संयन्त्रलाई थप प्रभावकारी र पारदर्शी बनाउन डिजिटल फ्रेमवर्कअन्तर्गत विभिन्न प्लेटफर्म तयार गरिएको छ। राष्ट्रिय परिचयपत्र, नागरिक अधिकार एप, हेलो सरकार, अनुगमन पोर्टल र हालै अध्यागमन विभागले सुरु गरेको नेपालीपोर्ट नामक सफ्टवेयर लगायत दर्जनभन्दा बढी डिजिटल प्लेटफर्म यस सन्दर्भका उदाहरण हुन्।

निर्मित आवासहरू, नेपाली पोर्ट एप्सको थालनी एवं अध्यागमनको स्तरोन्नति र नेपाल टेलिभिजनको इटहरी प्रशारण केन्द्रको उद्घाटनजस्ता कार्य यसै एक्सन रुमबाट भइसकेका छन्। यसको व्यापक सदुपयोगबाट सरकारको कामलाई प्रभावकारी रूपमा अनुगमन गर्न, उद्घाटनको क्रममा हुने खर्च कटौती गरी मितव्ययी हुन र छरितोढंगले देशभरि अत्यावश्यक कार्यक्रममा सहभागिता निश्चित गर्न संभव भएको छ। *यसले विभिन्न प्रोजेक्टहरूको अनुगमन गर्नका लागि पनि यहीँ सिंहदरवारबाटै प्रोजेक्ट साइटहरू हेर्ने, काम कस्तो भइराखेको छ हेर्ने - ती कामहरू गर्न सकिने भएको छ।*

- प्रत्येक मन्त्रालय र त्यस मातहतका निकायहरूबाट सम्पादन गरिने कार्य लक्ष्य आधारित र परिणाममुखी होउन् भनेर यस आर्थिक वर्षबाट प्रधानमन्त्रीसँग मन्त्रीहरूले, मन्त्रीहरूसँग सम्बन्धित सचिवहरूले र सचिवहरूसँग मातहतका अधिकारीहरूले कार्यसम्पादन सम्झौता गर्ने प्रचलन सुरु गरिएको छ। यस सम्झौताको सकारात्मक प्रभाव र परिणाम समेत देखिन थालेको छ।

सम्माननीय सभामुख महोदय,

- केही दिनअघि केही सम्पादकहरूले मलाई प्रश्न गर्नुभयो, हामी त चौथो अङ्ग हौं- क्रिटिकल हुन्छौं। सरकारको खबरदारी गर्छौं। हाम्रो खबरमा 'नियत' किन हेरिन्छ ? *अवश्य नै हेरिन्न।* त्यत्तिकै नियतमा किन शंका गर्ने ? चौथो अङ्ग क्रिटिकल हुन पाउँछ, तथ्यआधारित र सक्दो क्रिटिकल होओस्। भनिन्छ नि, लेखाइको 'लाइन' स्पष्ट भए 'विट्वीन द लाइन' पढिदैन।

- केही सरोकारवालाहरूसँग मेरा पनि यस्तै प्रश्न छन्। मेरो नेतृत्वमा रहेको सरकारले सुरु गरेको काम र गर्न लागेको राष्ट्रिय अभियानमा चाँहि 'नियत' किन हेरिन्छ ? विनम्र प्रश्न

अमूक झण्डा र नाम भएकाले कोही 'सर्टिफाइड/क्लासिफाइड' लोकतान्त्रिक हुने, कसैले 'वाइ बर्थ डेमोक्र्याट', अझ यसो भनौं– 'गर्भे लोकतान्त्रिक'को दर्ज्यानी पाउने, कसैले भने पाइलैपिच्छे आफू लोकतान्त्रिक भएको सर्टिफिकेट नवीकरण गर्न टोपी हातमा लिएर कुदिरहनुपर्ने ?

गर्छु, के यो वैचारिक पूर्वाग्रहका कारणले हो ? *त्यस्तो हुनु वाञ्छनीय होइन ।*

- लोकतन्त्र दलको नाम होइन, यो व्यवहार र आचरण हो। लोकतन्त्र व्यवसाय वा प्रचारसंयन्त्र पनि होइन। अमूक झण्डा र नाम भएकाले कोही 'सर्टिफाइड/क्लासिफाइड' लोकतान्त्रिक हुने, कसैले 'वाइ बर्थ डेमोक्र्याट', अझ यसो भनौं– 'गर्भे लोकतान्त्रिक'को दर्ज्यानी पाउने, कसैले भने पाइलैपिच्छे आफू लोकतान्त्रिक भएको सर्टिफिकेट नवीकरण गर्न टोपी हातमा लिएर कुदिरहनुपर्ने ? *व्यवहारसँग सम्बन्ध नभएको नाम, जन्म कुण्डली र ब्राण्डसँग सम्बन्ध*

भएको लोकतन्त्र स्वीकार्य हुँदैन। काममा स्वीकार्य हुन्छ, काममा मापन गरिन्छ लोकतन्त्र।

- कतिपयले यस सरकारलाई अझै एक किसिमको 'अनवान्टेड गेष्ट' जस्तो ठानेका छन्। म उनीहरूलाई स्पष्ट हुन आग्रह गर्दछु, यो सरकार कसैको दया, माया र कृपामा बनेको नभई, निरन्तरको लोकतान्त्रिक निष्ठा, अनवरत र कठोर संघर्ष, अनि जनताको लोकप्रिय मत, विश्वास र जनादेश हासिल गरी स्थापित भएको सरकार हो। यो सरकार देश र जनताका सर्वोत्तम हितहरूको प्रतिनिधित्व गर्ने सरकार हो।

- यस्तो पनि सुनेको छु- यो सरकारले खोई के नै नयाँ काम गऱ्यो र? *यो पुरानै कामको निरन्तरता र अलिकति लिपापोती न हो। अवश्य नै सरकार भनेको अविच्छिन्न उत्तराधिकारवाला संस्था हो। यसले पहिलेका जति सबै मेटमाट गरेर, भत्काएर अनि नयाँ लिपलाप गर्छ भन्ने होइन, पुरानालाई अगाडि बढाउँछ।* विरासतमा प्राप्त तमाम बेथितिलाई ठीक गर्ने र अपूरा अधुरा काम पनि पूरा गर्ने यसकै दायित्वभित्र पर्छ *र यो काम यसले गर्दै आएको छ।* मैले बेथितिलाई ठीक गर्न सरकारले चालेका कदमहरू र अधुरा अपूरा कामलाई समयमै सक्न थालिएका प्रयासको

कतिपयले यस सरकारलाई अझै एक किसिमको 'अनवान्टेड गेष्ट' जस्तो ठानेका छन्। म उनीहरूलाई स्पष्ट हुन आग्रह गर्दछु, यो सरकार कसैको दया मायामा बनेको नभई, निरन्तरको लोकतान्त्रिक निष्ठा, अनवरत र कठोर संघर्ष, अनि जनताको लोकप्रिय मत, विश्वास र जनादेश हासिल गरी स्थापित भएको सरकार हो।

बारेमा यस अघि नै चर्चा गरी सकेको छु। सङ्क्षेपमा भावी कामको मार्गचित्र पनि उल्लेख गर्ने अनुमति चाहन्छु :

- आगामी ३ वर्षमा, यसै अवधिमा सम्पन्न हुने, केही अलिक लामो समय लिने पूर्वाधार निर्माणमा सरकार संलग्न हुनेछ। तिनीहरूमध्ये रेलमार्ग 'गेमचेञ्जर' परियोजनाभित्र पर्छ। केरुङ-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग, रक्सौल-काठमाडौं र पूर्व-पश्चिम विद्युतीय रेलमार्ग सरकारका 'ड्रिम प्रोजेक्ट' हुन्। यसै आर्थिक वर्षभित्र जयनगरदेखि बिजलपुरासम्म नेपालको आफ्नै रेल संचालन हुनेगरी काम भइरहेको छ। पूर्व-पश्चिम रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयारी अवस्थामा छ। यस रेलमार्गको काकडभिट्टा- इनरुवा खण्डको

निर्माणका लागि यसै आर्थिक वर्षभित्र निर्माण कार्य अघि बढाउने गरी आवश्यक रकम सुनिश्चित भइसकेको छ। यो रेलमार्ग संचालनमा आएपछि नेपालको अवस्था गुणात्मक रूपले नै भिन्न र नयाँ हुनेछ।

- उत्तरतर्फको रेलमार्ग निर्माणलाई सहज तुल्याउन टोखा-छहरे र बेत्रावती-स्याफ्रुबेसी सुरुङमार्ग प्राथमिकताको शीर्ष स्थानमा रहने छन्। नागढुंगा- नौविसे सुरुङमार्ग निर्माणको प्रारम्भसँगै नेपाल सुरुङमार्ग निर्माणको युगमा प्रवेश गरेको छ। यसो भन्दा किन केही मान्छेहरू अचम्मित हुने गरेका छन् ? म आफैं छक्क पर्छु। थानकोट-चित्लाङ, खुर्कोट-चियाबारी र फेदीखोला-नयाँपुलमा सुरुङमार्गको अध्ययन सुरु भएको छ। सिद्धबाबामा त विस्तृत परियोजना प्रतिवेदनको तयारी सहित रु. १० अर्ब बजेट नै विनियोजन गरिसकिएको छ।

- कतिपय मानिसहरूलाई विकासका नयाँनयाँ काम, जस्तो कि सुरुङमार्ग निर्माणको कुरा सुन्दा आश्चर्य नै लाग्छ। हामीले यो युग परिवर्तनको कुरा मात्रै होइन, यसमा कामको नै थालनी गरेका छौं। आफ्नै जीवनकालमा यस्तो देख्न पाउने स्थिति सिर्जना गरिँदा आश्चर्यचकित हुनु स्वभाविक नै होला।

कतिपय मानिसहरूलाई विकासका नयाँनयाँ काम, जस्तोकि सुरुङमार्ग निर्माणको कुरा सुन्दा आश्चर्य नै लाग्छ। हामीले यो युग परिवर्तनको कुरा मात्रै होइन, यसमा कामको नै थालनी गरेका छौं। आफ्नै जीवनकालमा यस्तो देख्न पाउने स्थिति सिर्जना गरिँदा आश्चर्यचकित हुनु स्वभाविक नै होला।

- पूर्व-पश्चिम राजमार्गलाई एसियाली राजमार्गको स्तरमा ४ देखि ६ लेनमा स्तरोन्नति गर्ने कार्य अघि बढेको छ। पुष्पलाल तथा मदन भण्डारी राजमार्ग समयभित्रै सक्ने मात्र होइन, उत्तर-दक्षिण जोड्ने विभिन्न कोरिडर निर्माणको लागि स्रोत सुनिश्चित गर्ने कार्यसमेत अघि बढाइएको छ।

- यस सरकारले राष्ट्रिय गौरवका आयोजनाहरू समयमै सक्नेगरी कामलाई अघि बढाएको छ। धेरैलाई चासो भएको मेलम्ची होस् वा माथिल्लो तामाकोशी यसै आर्थिक वर्षमा सक्नेगरी नै अघि बढेका छन्।

- प्रदेश नं. २ मा युगान्तकारी परिवर्तन हुनसक्ने सुनकोशी-मरिन डाइभर्सन परियोजना होस् वा निजगढ विमानस्थलको निर्माण- सरकारको प्राथमिकताका परियोजनाहरू हुन्।

- शहरी क्षेत्रका सार्वजनिक यातायातलाई सर्वसाधारणमैत्री बनाउन 'सार्वजनिक यातायात प्राधिकरण'ले यसै आर्थिक वर्षभित्र आफ्नो काम सुरु गर्छ। शहरी क्षेत्रमा हामी विद्युतीय बस छिट्टै संचालनमा ल्याउँदै छौं। र, डिजेल पेट्रोलबाट चल्ने सवारी साधनको सट्टा विद्युत्आधारित यातायातका साधनहरू प्रयोगमा अभ्यस्त जनजीवन निर्माण गर्न चाहन्छौं।

- भारतको आन्तरिक जलमार्गको प्रयोग गरी समुन्द्रसम्म पुग्न, नेपालको आफ्नै राष्ट्रिय ध्वजाबाहक पानीजहाज संचालन गर्नेगरी भारतसँग सहमति भइसकेको छ। हालै मात्र नारायणी नदीमा क्रूज संचालनको सफल परीक्षण भइसकेको छ।

- नवलपुरको धौवादीमा फलाम उत्खनन् गर्न 'धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरिएको छ। त्यहाँ भएको फलाम करिब ३० वर्ष प्रतिदिन करिब ८ सय टन उत्पादन हुने परीक्षणबाट देखिएको छ। दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण कार्य सुरु भएको छ। देशको अर्थतन्त्रमा यी दुबै युगान्तकारी प्रभाव पार्ने काम हुन्। *त्यसै गरेर पर्वत र*

प्रगति हुन थालेपछि एक ठाउँ मात्रै होइन, त्यसको झलक धेरैतिर देखिन्छ र फैलिन्छ। त्यो खेलकूदमा पनि देखिएको छ। १२ औं दक्षिण एसियाली साग खेलकूदमा ३ वटा स्वर्ण पदक ल्याएको नेपालले अहिले १३ औं सागमा ५१ वटा स्वर्ण पदक सहित २ सय ७ वटा पदक हासिल गऱ्यो।

तनहुँका फलाम खानीहरूलाई यहीँ धौवादी फलाम खानी उद्योगसँग जोडेरै अगाडि बढाउने कि भन्ने दिशामा कामहरू हुन थालेका छन्।

- प्रगति हुन थालेपछि एक ठाउँ मात्रै होइन, त्यसको झलक धेरैतिर देखिन्छ र फैलिन्छ। यो खेलकूदमा पनि देखिएको छ। १२ औं दक्षिण एसियाली साग खेलकूदमा ३ वटा स्वर्ण पदक ल्याएको नेपालले अहिले १३ औं *दक्षिण एशियाली खेलकूद (साग) मा* ५१ वटा स्वर्ण पदकसहित २ सय ७ वटा पदक हासिल गऱ्यो। दक्षिण एसियाली खेलकूदमा नेपालले भारत पछिको दोस्रो स्थानमा आफूलाई उभ्याउने सफलता *हासिल गरेको छ।*

- हामीले अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो भूमिका, पहिचान, परिचय र प्रभाव विस्तार गरेका छौं। अहिले हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध १ सय ६८ देशहरूसम्म विस्तार भएको छ।

- मैले भनिरहनु पर्लाजस्तो लाग्दैन, नेपालसँग सम्बन्ध विस्तार र सुदृढ गर्न अन्तर्राष्ट्रिय जगतको अभिरुचि पनि बढेको छ। मैले बेलायत र फ्रान्सको भ्रमण दुई दशकपछि प्रधानमन्त्रीको हैसियतमा गरेको हुँ। १७ वर्षपछि परराष्ट्र मन्त्रीको अमेरिका र १४ वर्षपछि रुस भ्रमण भएको छ। चीनका राष्ट्रपतिको २३ वर्षपछि भ्रमण सम्पन्न भएको छ। भारतका प्रधानमन्त्रीको एउटै कार्यकालमा ४ पटक भ्रमण भएको छ। यस्ता कुराहरूले हाम्रो सम्बन्धको विस्तारलाई नै स्पष्ट देखाउँछन्। पहिले हामी अन्तर्राष्ट्रिय मञ्चहरू मध्ये एसिया सोसाइटीमा मात्रै सीमित देखिन्थ्यौं। अहिले एसिया सोसाइटीका अतिरिक्त डावोस फोरम, अक्सफोर्ड युनिभर्सिटी, होची मिन्ह युनिभर्सिटी, राष्ट्र संघीय शान्ति विश्वविद्यालयजस्ता विश्व प्रसिद्ध फोरमहरूमा हामीले विचार प्रस्तुत गरेका छौं।

- अहिले हामी विश्वस्तरको नयाँ फोरम पनि सुरु गर्दैछौं- सगरमाथा संवाद। जसमा यस वर्षका लागि हामीले **'क्लाइमेट**

पहिले हामी अन्तर्राष्ट्रिय मञ्चहरूमध्ये एसिया सोसाइटीमा मात्रै सीमित देखिन्थ्यौं। अहिले एसिया सोसाइटीका अतिरिक्त डावोस फोरम, अक्सफोर्ड युनिभर्सिटी, होची मिन्ह युनिभर्सिटी, राष्ट्र संघीय शान्ति विश्वविद्यालयजस्ता विश्व प्रसिद्ध फोरमहरूमा हामीले विचार प्रस्तुत गरेका छौं।

चेन्ज, माउण्टेन एण्ड फ्यूचर अफ ह्यूमानिटी' भन्ने शीर्षक राखेका छौं।

- सीमा विवादको विषयमा राष्ट्र एक ठाउँमा छ। राष्ट्रले दिएको यो जिम्मेवारी सरकारले गंभीरतापूर्वक लिंदै मातृभूमिको रक्षा गर्छ। संवादका माध्यमबाट सीमा समस्याको समाधान गर्न र अतिक्रमित नेपाली भूभाग फिर्ता ल्याउन सरकार दृढता र सक्रियताका साथ लागेको म यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु।

- नेपाल भ्रमण वर्ष २०२० अभियान संचालन गरिएको छ। भूकम्पको वर्ष ५ लाख ९० हजारमा सीमित पर्यटक आगमन गत वर्ष करिब ११ लाख र यसवर्ष १२ लाख हाराहारी

पुगेको छ। र, २० लाख पर्यटक पुऱ्याउने लक्षका साथ सारा प्रयास केन्द्रित गरिएको छ। *हामीलाई थाहा छ यो कोरोना भाइरसले अहिले एउटा गम्भीर समस्या अन्तर्राष्ट्रिय रुपमै पैदा गरेको छ। त्यसमा पनि हाम्रो छिमेकी मित्र राष्ट्र चीनमा यो समस्या पैदा भएकोले हामीलाई यसको प्रत्यक्ष असर केही हदसम्म पर्ने देखिएको छ। यस सम्बन्धमा चीन सरकारले जसरी कोरोना भाइरस नियन्त्रणका लागि, त्यसलाई फैलिन नदिनका लागि भीषण प्रयास अगाडि बढाएको छ, त्यो प्रशंसायोग्य छ। अत्यन्तै धेरै ध्यानकेन्द्रित गरेको देखिएको छ। अहिलेसम्म नेपालीहरू यसबाट संक्रमित छैनन्। नेपालमा यो भाइरस प्रवेश गरेको छैन। हामी आज चीनबाट हाम्रा विद्यार्थीहरू ल्याउँदै छौं, वुहानबाट जो आउन चाहेका छन् त्यस प्रयोजनका लागि सायद आजै प्लेन गएको छ। र, हामी यसको उचित प्रबन्ध गर्नेछौं। सरकारले यसमा गम्भीरताका साथ ध्यान दिएको छ र नेपाली विद्यार्थी र नेपाली कम्युनिटीलाई जसरी चीनमा राम्रो हेरविचार गरेर राखिएको छ, त्यसका निम्ति म चीन सरकारलाई धन्यवाद भन्न चाहन्छु।*

- यस अवधिमा देशको शान्तिसुरक्षाको स्थिति सामान्य र सन्तोषजनक रहेको छ। सरकार छ र हामी सुरक्षित छौं

यस अवधिमा देशको शान्तिसुरक्षाको स्थिति सामान्य र सन्तोषजनक रहेको छ। सरकार छ र हामी सुरक्षित छौं भन्ने अनुभूति गर्नसक्ने सुरक्षित र ढुक्कको परिवेश बनाउन सरकार सफल भएको छ। अपराधीहरू कानूनको कठघरामा उभिन र कानूनबमोजिम सजाय भोग्न बाध्य छन्।

भन्ने अनुभूति गर्नसक्ने सुरक्षित र ढुक्कको परिवेश बनाउन सरकार सफल भएको छ। अपराधीहरू कानूनको कठघरामा उभिन र कानूनबमोजिम सजाय भोग्न बाध्य छन्। राष्ट्रिय सुरक्षाको समग्र पक्ष समस्यारहित रहेको छ। निर्मला हत्याकाण्डलाई जतिसुकै गिजोल्न र अपराधी जोगाउन अनेकन् हथकण्डा प्रयोग भए पनि अन्ततः दोषी उम्किन अब संभव छैन र पक्राउ परी हत्याराले कानूनी कठघरामा उभिनै पर्नेछ।

- संक्रमणकालीन न्यायको सन्दर्भमा विभिन्न कोणबाट अझै प्रश्न उठिरहेको मेरो जानकारीमा छ। द्वन्द्वका पक्षहरू र द्वन्द्वबाट पीडित सबै पक्षसँगको सहकार्य र समझदारीमै

यस्ता विषयहरूको छिनोफानो हुने हुँदा यसले अलिक समय लिनु स्वभाविक नै थियो। विभिन्न तहका वार्ता, छलफल र संवादपछि हालै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छाविन आयोग गठन गरिएको छ। यिनको गठनसँगै संरचनामा रहेको तदर्थता अन्त्य भएकोले अब संक्रमणकालीन न्यायको काम निष्कर्षमा पुग्नेछ।

सभामुख महोदय,

- मैले एउटा कार्यक्रममा संबोधनका क्रममा भनेको थिएँ- सरकारले सुरु गरेका कामहरू अहिले नै फुलिसके/फलिसके भन्ने होइन। बिरुवा रोप्ने काम भएको छ। कतै उम्रिदै छन्, कतै टुसाउँदै छन्, कतै बिरुवा हुर्किंदै पनि छन्। *सबै एकैचोटि त हुँदैन। एकै दिनमा त रोम पनि बनेको थिएन। सुरुङ एकै दिनमा बन्दैन। रेल एकै दिनमा कुद्दैन। अन्तर्राष्ट्रिय विमानस्थल एकै दिनमा बन्दैन। पानी जहाज एकै दिनमा कुद्ने अवस्था भइहाल्दैन। र, देशको गरिबी एकै दिनमा कुनै जादू गरे जस्तो सट्ट परिवर्तन भइहाल्दैन। तर, हामीले थुप्रै क्षेत्रमा महत्वपूर्ण परिवर्तनहरू ल्याएका छौं।*

- *पूँजीगत खर्चमा सुधार भएन, सरकारको खर्च गर्ने क्षमता देखिएन भन्ने जस्ता टिप्पणीप्रति मेरो यथेष्ट ध्यान गएको*

एकै दिनमा त रोम पनि बनेको थिएन। सुरुङ एकै दिनमा बन्दैन। रेल एकै दिनमा कुद्दैन। अन्तर्राष्ट्रिय विमानस्थल एकै दिनमा बन्दैन। पानी जहाज एकै दिनमा कुद्ने अवस्था भइहाल्दैन। र, देशको गरिबी एकै दिनमा कुनै जादू गरे जस्तो सट्ट परिवर्तन भइहाल्दैन। तर, हामीले थुप्रै क्षेत्रमा महत्वपूर्ण परिवर्तनहरू ल्याएका छौं।

छ। खर्च कम हुनुका थुप्रै कारणहरू छन्ः एउटा त कुनै आयोजना, कुनै ठेक्का स्वीकृत हुनेबित्तिकै पहिले नै २० प्रतिशत मोभिलाइजेशन खर्च भनेर दिइहाल्ने, यसरी २० प्रतिशत त खर्च भएको देखिहाल्यो! ठेकदारले ठेक्का लिएपछि काम सुरु गर्न पाएको छैन। काम सुरु गर्नका लागि मोभिलाइजेशन खर्च ? आफैले काम सुरु पनि गर्न सक्दैनन् भने ठेक्का कसरी लिन्छन् ? कस्तो ठेकदार हुन्छ, जसले ठेक्का लिन्छ काम सुरु गर्न सक्दैन् ? ५० वटा आयोजनाहरू एउटै ठेकदारलाई दिएको छ र त्यहाँ मोभिलाइजेशन खर्च हरेकमा २० प्रतिशत दिइएको छ। त्यसले खर्च भएको देखिन्थ्यो। अहिले त्यस्तो मोभिलाइजेशन खर्चलाई ५ प्रतिशतमा झारिएको छ। त्यो पनि काम सुरु गरेपछि मात्र

दिइन्छ। त्यसकारण यसै पनि २० प्रतिशत कम देखिने भयो। तर, खर्च कम हुनुका थुप्रै कारणहरू छन् र तिनको समाधानका यथार्थ प्रयासहरू गरिएको छ। मैले अघि नै भनें यो सरकार स्थिर सरकार हो। यो बहुमतको सरकार हो। यसले आवधिक चटके काम गर्नु छैन। त्यसकारण यसले जुनसुकै कदम पनि सोंचविचार गरिकन चाल्छ। स्थिर ढंगले र दीगो ढंगले हरेक कदम चाल्छ र दीगो परिणाम आउनेगरी चाल्छ। ठूला ७० वटा आयोजनाको प्रगति समीक्षा हेर्दा भइसकेका कामको पनि समयमै भुक्तानी नहुँदा खर्च कम हुन गएको छ। निर्माण व्यवसायीले समयमै बिल पेश नगर्नु, वैदेशिक सहयोग समयमै नआउनु र ठेक्काको म्यादथपका लागि समयमै अनुरोध नआउनु वा म्याद थप हुन नसक्नु जस्ता प्रमुख कारणहरू यसमा देखिएका छन्। शहरी विकास मन्त्रालयअन्तर्गतका ३६८ ठेक्कामध्ये २३९ ठेक्काको म्याद नाघेको छ। यो अहिलेको मात्रै कुरा होइन, उहिलेको र उहिलेकोदेखि। खानेपानी मन्त्रालयतर्फ ७२ अर्ब ८० करोड रकम बराबरका ११५ ठेक्कामध्ये ६८ ठेक्काको म्याद सकिएको छ। भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतका सडक र पुल गरी करिब ६ अर्ब वैदेशिक स्रोत नमिलेकै कारण काम सम्पन्न भएर पनि भुक्तानी नभएको स्थिति छ।

यो बहुमतको सरकार हो। यसले आवधिक चटके काम गर्नु छैन। त्यसकारण यसले जुनसुकै कदम पनि सोंचविचार गरिकन चाल्छ। स्थिर ढंगले र दीगो ढंगले हरेक कदम चाल्छ र दीगो परिणाम आउनेगरी चाल्छ।

- क्षमता र कार्यबोझको वस्तुपरक आंकलन नै नगरी सीमित निर्माण व्यवसायीहरूलाई धेरै ठेक्का दिइने परिपाटी पूँजीगत खर्च कम हुनुमा कारक देखिन्छ, *यसलाई सच्याउँदै जान लागिएको छ।* शहरी विकासतर्फ १८ कम्पनीले ४४.४ प्रतिशत रकम बराबरको ठेक्का ओगटिरहेका छन्। सडकतर्फ १८ कम्पनीले २ खर्ब ३९ अर्ब ४७ करोड (२३,९४७ करोड) अर्थात् ४७.६ प्रतिशत रकम बराबरको ठेक्का ओगटिरहेका छन्। अझ खानेपानीतर्फ त १८ कम्पनीले ६६.७ प्रतिशत रकम बराबरको ठेक्का ओगटी रहेका छन्। मैले पहिले नै चर्चा गरिसकेको छु, सरकारले विरासतमा पाएका यस्ता कैयौं बेथितिलाई अहिले सच्याउँदैछ। अधुरा अपूरा कामलाई सम्पन्न गर्दैछ।

यसका लागि सार्वजनिक खरीद नियमावलीमा सुधार गरी विभिन्न कारणले अधुरा तथा रुग्ण हुन गएका ठेक्कालाई अन्तिमपटक काम गर्ने अवसर दिइएको छ। यसले अधुरा आयोजनालाई सम्पन्न गराउन र समग्रमा पूँजीगत खर्च बृद्धि हुन सहयोग पुऱ्याउने छ।

- यस सम्मानित सदनलाई अवगत होस्, सरकार निष्ठापूर्वक आफ्नो काममा कटिबद्ध, प्रतिबद्ध र दृढ छ। जनतासामु गरिएका कबुलहरू पूरा गर्न र यस सदनले मप्रति देखाएको विश्वास अक्षुण्ण राख्न मेरो निरन्तरको प्रयास जारी छ। खासमा यो जनताले सुम्पेको विश्वास र भरोसाको नासो हो। यसलाई सदैव शिरोपर गरेर सार्वभौम जनताको आकांक्षाअनुरूप निर्धारित राष्ट्रिय लक्ष्य हासिल गर्न एकताबद्ध भएर अघि बढ्न *म सबैमा हार्दिक अनुरोध गर्न चाहन्छु। एउटा कुरामा स्पष्ट हुन म हार्दिक आग्रह गर्न चाहन्छु, केही देखिने गरी भएका परिवर्तनहरू मानवअधिकार, जनताका सरोकार र चासोका विषयहरू एवं जनताले भोगिरहेका पीडाहरूलाई समाधान गर्नका लागि सरकार वास्तवमै गम्भीरतापूर्वक लागेको छ। यो कुरा हामीले सडक बालबालिकाहरूको सन्दर्भमा देख्न सक्छौं। अहिले सडकमा प्लास्टिक टिपिरहेका, खानेकुराका लागि कुकुरसँग लडाईं*

एउटा कुरामा स्पष्ट हुन म हार्दिक आग्रह गर्न चाहन्छु, केही देखिने गरी भएका परिवर्तनहरू मानवअधिकार, जनताका सरोकार र चासोका विषयहरू एवं जनताले भोगिरहेका पीडाहरूलाई समाधान गर्नका लागि सरकार वास्तवमै गम्भीरतापूर्वक लागेको छ। यो कुरा हामीले सडक बालबालिकाहरूको सन्दर्भमा देख्न सक्छौं।

गरिरहेका, भुस्याहा कुकुरसँग लडाईं गरिरहेका बालबालिका देख्दैनौं। यस्ता कुराहरू सरकारका लागि सैह्य हुँदैनन्। यो जनउत्तरदायी सरकार हो। जनताले हामीलाई जनताको हितका निम्ति काम गर्न पठाएका हुन् भन्ने कुरा हेक्का छ। त्यसकारण सडक मानव यहाँ देखिदैनन्। पहिले सडक पेटीमा लडिरहेका वा भौतारिहेका, जाडोमा कठ्याङ्ग्री रहेका मानिसहरूको जुन अवस्था देखिन्थ्यो, त्यो पनि अहिले छैन। सरसफाइका कुराहरूलाई, खाल्टाखुल्टी पुर्ने कुराहरूलाई र हरेक कुराहरूलाई ध्यान दिइएको छ र जहाँ विगतका गल्तीहरूले सडक बनाउनै नसक्ने गरी बिगारिएको थियो, त्यसको करिब अन्त्य गर्न थालिएको छ। सडक पिच गऱ्यो भने पनि मुनिबाट पानी आएर भत्किने? यी सबै

कुराहरूलाई अहिले सरकारले ध्यान दिएको छ र वास्तविक परिवर्तन देशमा जनताले अनुभूत गर्न पाउन् भन्नका निम्ति काम गरिरहेको छ। यसर्थ म सबैमा आग्रह गर्न चाहन्छु, राष्ट्रलाई सुशासन र विकासको बाटोबाट ***समृद्ध नेपाल, सुखी नेपाली*** *बनाउने यस अभियानमा हामी सबै जुटौ! म सबैमा विनम्र आग्रह गर्न चाहन्छु, धन्यवाद।*

धन्यवाद।

३ फागुन २०७६
संसद भवन, नयाँ बानेश्वर।

प्रतिनिधि सभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नहरूमाथि सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको प्रत्युत्तर

सम्माननीय सभामुख महोदय,

सबैभन्दा पहिले त म माननीयज्यूहरूले जुन उत्साहका साथ जिज्ञासा राख्नुभएको छ, त्यसका निम्ति म धन्यवाद भन्न चाहन्छु।

यहाँहरू यति साह्रो अस्पष्ट हुनुपर्ने कारण त छैन, किन अस्पष्ट हुनुभयो? अचम्म लाग्यो ! सीमा विवादको सम्बन्धमा सभामुख महोदय, मैले भनिसकें कि नेपालको भू-भाग नेपालले छाड्दैन। अहिले खासगरी उठेको प्रश्न कालीनदीको मुहान, लिम्पियाधुरा क्षेत्र, लिपुलेक र कालापानीको बारेमा रहेको छ। तथ्य प्रमाणहरूले यी क्षेत्रहरू नेपालका हुन् भनेर देखाइएको छ। ती भूभाग फिर्ता लिन हामी कूटनीतिक प्रयास गरिरहेका छौं।

यसमा फलानो दिन वार्ता गर्छु भनेर एकतर्फी भन्ने विषय होइन, दुईतर्फी सहमतिका साथ वार्ताको माध्यमबाट यस समस्याको समाधान गरिनेछ।

माननीयजीहरूले र देशले नै अनुभूत गरेको होला, अहिलेको सरकारले सार्वभौम समानताको आधारमा वार्ता गर्ने प्रश्नमा, राष्ट्रियताको सवालमा, राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितमा कुनै अनुचित सम्झौता गर्दैन। त्यसमा स्पष्ट रहन म आग्रह गर्न चाहन्छु।

हामी भू-भाग नै फिर्ता ल्याउने तयारीमा छौं भने नक्सा छाप्ने कुरा त के भयो र ! नक्सा त तुरुन्तै छापिन्छ। सीमा चौकीको सम्बन्धमा सशस्त्र प्रहरीको भिओपी स्थापना गर्ने काम भइरहेको छ।

संविधानको स्वीकार्यता वा संविधान सर्वग्राह्य भयो भन्दा संशोधनको औचित्य समाप्त भएको हो र? भन्ने प्रश्न माननीयजीहरूले गर्नुभयो। संविधान संशोधन आवश्यक छ- म पनि भनिराखेको छु। उपयुक्त समय र औचित्यको आधारमा वा आवश्यकताको आधारमा संविधानको संशोधन हुन्छ। संविधानको संशोधन हुन्छ भन्नुको अर्थ संविधान नमानेको होइन, संविधान मानेको हो। त्यसैकारण संशोधन आवश्यक भएको हो। परिमार्जन

आवश्यक किन भयो भन्दा मानेर नै हो। हामी यहाँ जो छौं, संविधान मानेर यहाँ उपस्थित भएका छौं। संविधानअन्तर्गत चुनाव लडेर यहाँ उपस्थित भएका छौं। संविधान हाम्रो लामो र बलिदानपूर्ण संघर्षको उपलब्धिका रूपमा जारी भएको हो। जनताको अभिमतद्वारा निर्वाचित जनप्रतिनिधि संस्थाबाट निर्मित संविधान हो। यो कसैबाट प्रदत्त होइन, जनताबाट निर्मित हो। जनताका प्रतिनिधिहरूले, निर्वाचनको माध्यमबाट आएका जनताका प्रतिनिधिहरूले बनाएको जनताका भावनाहरू प्रतिबिम्बित गरेको संविधान हो। यस संविधानलाई मान्दिनँ वा अस्वीकार गर्छु भन्नु जनताको बलिदान र त्यसको जगमा प्राप्त उपलब्धि अस्वीकार गर्नु हुन्छ। त्यसकारण संविधान संशोधन हुन सक्छ। संविधान संशोधनीय दस्तावेज हो, असंशोधनीय होइन। तर, संशोधन आवश्यक छ भने संविधान स्वीकार गर्दिनँ भन्नु विल्कुलै नाजायज कुरा हो। अनुचित कुरा हो। तसर्थ, संविधानको स्वीकार्यता र संशोधन बेग्लै कुरा हो। हरेक देशहरूमा संविधानमा संशोधन हुन्छ। चीनको होस् कि, भारतको होस् कि, अमेरिकाको होस् कि, जापानको होस् कि जहाँको पनि संविधानमा संशोधन हुन्छ, हुने गरेको छ। अमेरिकी संविधानमा पनि संशोधन हुन्छ, चिनियाँमा पनि हुन्छ, भारतीयमा पनि हुन्छ, अरु संविधानमा पनि संशोधन हुन्छ। त्यसको अर्थ संविधान नमानेको होइन। हरेक राष्ट्रले आफ्नो संविधानप्रति अत्यन्त आदरभाव राख्छन्।

यो संविधान उपलब्धिहरूको एउटा प्रतीक हो। सफलताहरूको एउटा प्रतीक हो। ती सफलताहरूलाई अझ समुचित प्रबन्धका लागि र अझ समुचित उचाइमा उठाउनका लागि संशोधन गरिन्छ। त्यसकारण यसमा स्पष्ट हुन म माननीयजीहरूसमक्ष आग्रह गर्न चाहन्छु।

कतिवटा अदालतमा भएका मुद्दाहरूको बारेमा प्रश्न उठाउनु भएको छ। यस्तो भावावेशको विषयले मात्रै हुँदैन। हामीकहाँ स्वतन्त्र न्यायपालिका छ। न्यायालय स्वतन्त्र छ। स्वतन्त्र न्यायालयले स्वतन्त्र ढंगले निर्णय गर्छ। तसर्थः न्यायालयमा विचाराधीन रहेका प्रश्नहरू र न्यायालयको कारबाहीको सम्बन्धमा सरकारले हस्तक्षेप गर्न सक्दैन मात्रै होइन, हस्तक्षेपकारी दृष्टिकोण नै राख्दैन। शक्ति पृथकीकरणको सिद्धान्तलाई सरकारले वास्तविक अर्थमा सम्मान गर्छ। स्वतन्त्र न्यायपालिकाको सम्मान गर्छ। न्याय निरूपण गर्ने न्यायालयको अधिकारको सम्मान गर्छ। त्यसकारण जुन कुरा अदालतमा विचाराधीन छ, त्यस कुरालाई सरकारको टाउकोमा हाल्नु, यो उचित कुरा हो, उचित प्रयास होजस्तो मलाई लाग्दैन।

मैले देश समृद्ध भइसक्यो भनेको छैन। **समृद्ध नेपाल, सुखी नेपाली** हाम्रो राष्ट्रिय आकांक्षा हो। हामी सुशासन कायम

गर्न चाहन्छौं। विकास अगाडि बढाउन चाहन्छौं। यस बाटोबाट देशलाई समृद्ध बनाउन चाहन्छौं। समृद्धि मात्रैले जनतालाई सुखी बनाउन सक्छ भन्ने छैन। समृद्धिबाहेक अरु पनि कुरा हुन्छन्, जस्तो कि सुरक्षाका प्रश्नहरू हुन्छन् र सम्मानका पक्षहरू हुन्छन्। जनताले समृद्धिको हिस्सा कस्तो पाएको छ, त्यो पनि हुन्छ। एकातिर समृद्धि काफी छ, तर सडकमा भिखमंगा छन्, अशक्तहरूले वा काम गर्न नसक्नेहरूले अलपत्र जिन्दगी बेहोर्नु परेको छ भने समृद्धि जनताका लागि र सबैका लागि लाभदायी भयो भन्न सकिन्नँ। त्यसकारण भनिएको हो- **समृद्ध नेपाल, सुखी नेपाली**। तर समृद्धिसँगै सुख पनि चाहिन्छ। सुख हुनका लागि सामाजिक न्याय र समानता चाहिन्छ। अधिकारयुक्त जिन्दगी, अधिकारसम्म पहुँचको जिन्दगी, त्यो हो सुरक्षित तथा भयमुक्त जिन्दगी र सम्मानयुक्त जिन्दगी। आफ्नो अधिकार कसैले कुण्ठित गर्न नपाओस्- यो समृद्ध नेपालको पूर्वशर्त हो।

अहिले नै जनता समस्यामा छैनन्, कुनै समस्या छैन, देश एकदम सम्पन्न भइसक्यो भन्ने कुरा होइन। अब हुँदाहुँदा त केही प्रश्नहरू देखेर मलाई छक्क लाग्छ। भारतले सहयोग गऱ्यो, भारतले बनाइदियो, नेपालले तेल पायो, अनि के खुशी हुने भनेर पनि प्रश्न सोधिएको छ ! मलाई अलिक अचम्म लाग्यो भारतले बनाइदिएको हो। त्यसमा हामीले पनि पैसा हालेका

छौँ। हाम्रो पनि पैसा छ, भारतको पनि पैसा छ, भारतको अलिक बढी छ, हाम्रो अलिक कम छ। र, हामीले वैदेशिक सहयोग पनि लिएर नेपालको विकासका लागि काम गरेका छौं। यो आयोजना हामीले सुरु गऱ्यौं र सम्पन्न पनि गऱ्यौं। यो नेपालको पक्षमा छ र उपलब्धिपूर्ण छ। अहिले पनि हामी विभिन्न मित्र राष्ट्र, दातृराष्ट्र, संस्था, निकाय र तिनीहरूबाट सहयोग लिएर विकासका कामहरूलाई अगाडि बढाउँछौं। वैदेशिक लगानी ल्याएर विकासको कामलाई अगाडि बढाउँछौं। हामी विकासका काममा सफल छौं कि छैनौं ? हामीले जनतालाई उपलब्धि दिन सक्यौं कि सकेनौं ? मुख्य कुरा यो हो। त्यसकारण यो भारतले सहयोग गऱ्यो, अनि के खुशी हुने ? हामीले त्यही सुविधा त पाएको हो नि, सहयोग त पाएको हो नि, नेपालमा विकास त भयो नि पैसा त भारतको हो, के भयो र ? यो कस्तो कुरा हो ? खैर, तैपनि साथीहरूले प्रश्न गर्नुभयो, मलाई खुशी नै लागेको छ।

सभामुख महोदय,

३३ प्रतिशत महिलाका लागि सुनिश्चित गर्ने यही पार्टी हो, जुन पार्टीको अध्यक्ष मै छु। यही पार्टीले संसदमा लामो समय संघर्ष गरेको हो। सडकमा संघर्ष गरेको हो र यहाँ आज ३३

प्रतिशत महिलाको सहभागिता संसदमा सुरक्षित गरिएको छ। जुन पार्टीहरू विरुद्धमा थिए, वाह ३३ प्रतिशत महिला ! भनेर मजाक उडाउँथे, ती पार्टीहरू पनि बाध्य भएका छन्, ३३ प्रतिशत ल्याउन। म खुशी व्यक्त गर्न चाहन्छु। हाम्रा प्रयासहरू अगाडि बढेका छन्। हामी ३३ प्रतिशत होइन, बराबरीको हैसियतमा पुऱ्याउन चाहन्छौं, तर यो एउटा प्रक्रियामा छ।

यो सरकार उद्योगपतिहरूको, व्यापारीहरूको र ठेकेदार हरूको पक्षमा भनेर एउटा नीतिमा मलाई स्पष्ट पार्नुपर्ने जस्तो लाग्यो। सरकार उनीहरूको विपक्षमा छैन, म स्पष्ट पार्न चाहन्छु। नेपालमा उद्योगको विकास आवश्यक छ र उद्यमीहरूको पक्षमा सरकार छ। सरकार व्यापारीहरूको पक्षमा छ, ठेकदारहरूको पक्षमा छ, तर उनीहरूले नियमानुसार गर्नुपऱ्यो, कानूनअनुसार गर्नुपऱ्यो, कर तिर्नुपऱ्यो, छलछाम गर्नुभएन, कुरा यति मात्रै हो। हामी औद्योगीकरण गर्न चाहन्छौं भने, देशमा उद्योग स्थापना गर्न चाहन्छौं भने, सरकार उद्योगीहरूको विरुद्धमा छ र? सरकार उद्योगीहरूको विरुद्धमा हुन्छ? सरकार उद्योग व्यवसायको विरुद्धमा छ र ? यो त छैन। म कुनै बनावटी र गलत कुरा गर्न चाहन्नँ। सरकार उद्योग व्यवासयको पक्षमा छ। उनीहरूलाई सहुलियत, सहयोग र कानूनबमोजिम संर क्षण प्राप्त हुन्छ। उनीहरूले उद्योगको स्थापना गरुन्, संचालन

गरुन्, औद्योगीकरणतर्फ देश जाओस् र सरकार निजी क्षेत्रसँग मिलेर काम गर्न चाहन्छ। निजी क्षेत्रलाई उचित ढंगले प्रोत्साहित गर्न चाहन्छ, तर यो सरकार सरकारी स्वामित्वमा रहेका सम्पत्ति निजी क्षेत्रलाई कौडीको मूल्यमा बेचेर उद्योगधन्दा धरासायी पार्न चाहन्न।

यति होल्डिङ्सले लिएका विभिन्न लिजहरू, ती कुनकुन समयमा कोकोबाट कसरी लिइएको हो? सरकार अध्ययन गर्दैछ। पाथीभरा कसले दिएछ, सोल्टी कसले दिएछ, दरबार अगाडि कसले दिएछ, अरुअरु ठाउँमा कसले दिएछ, ती सबै को एक-एक अध्ययन गर्दैछ। अहिले सरकारले जुन दिएको छ, त्यो कानूनसम्मत, उचित र आवश्यक ढंगले निर्णय गरेर दिएको छ। स्वतन्त्र ढंगले मूल्याङ्कन गराएर दिएको छ। पहिले छ वर्ष लिज अवधि बाँकी रहदै लिज अवधि थप्दा केही पनि नबोल्ने वा थप्नेहरूले नै आज पाँच वर्ष बाँकी हुँदै लिज अवधि किन दिइयो भन्ने कुरा चर्कोगरी उठाउने गर्दा मलाई आश्चर्य लाग्छ। आफूहुँदा ६ वर्ष बाँकी हुँदै अरुलाई दिइएको छ। मैले अघि भनेको छु, ड्रागन भक्तलाई ड्रागन देखापरेजस्तै यी काण्डहरूको छानविन हुँदै जाँदाखेरी ड्रागन प्रकट भएजस्तै हुनेछ!

हामीले स्वच्छता, स्वस्थता, पारदर्शिता र देशको विकासलाई काँधमा राख्वेर कदमहरू चाल्नुपर्छ। कानूनसम्मत ढंगले कदम चाल्नुपर्छ, कानूनविपरित होइन। अवधि सकिएपछि दिंदा त्यहाँको विकास अवरुद्ध हुन सक्छ। त्यसकारण यस्ता कतिपय कुरा हुनसक्छन्, जो अवधि बाँकी हुँदै दिनुपर्ने पनि हुन्छ। बीचमा द्वन्द्वले काम भएन। एउटाले अर्कोलाई बेच्यो, अर्कोले किन्यो। त्यसको निष्पक्ष मूल्यांकनद्वारा दिइएको छ। अरु कति निष्पक्ष मूल्यांकनद्वारा दिइएको छ? शिवपुरीको जग्गा पनि माननीयजीहरूले उठाउनु भएको छ, म छानविन गराउँछु, कसले दिएको रहेछ त्यो? किन दियो त्यसरी सस्तोमा? कौडीको मूल्यमा दिएको छ भने किन त्यो दियो? छानविन गराएर यदि अनुचित भएको रहेछ भने कारवाही हुन्छ, म माननीयजीहरूलाई आश्वस्त पार्न चाहन्छु।

कोरोना भाइरसका विरामी नेपालले ल्याएको छैन। कुनै देशमा विरामी भयो भने पनि त्यो निको नभइकन ल्याउन पाइँदैन। हामीले त्यो विमारीले नछोएका विद्यार्थीहरूलाई जाँच गरेर ल्याएका हौं, उनीहरूमा विमारी छैन। त्यही पनि बाटोमा विरामी भयो कि भनेर क्वारेन्टाइनमा राख्नु पर्‍यो। नेपालमा ७७ वटा जिल्ला छन्, तीमध्ये कहीँ त राख्नु पर्ला? अनि डाक्टर पनि नभएको, हस्पिटल पनि नभएको, केही पनि नभएको कहाँ

कुनामा लगेर राख्ने ? त्यसो त झनै भएन। अलिकति अनुकूलता र सुगमता भएको ठाउँमा नै राख्नुपर्‍यो। हरेकले मेरोचाहिँ जिल्लामा राख्नु हुँदैन भनेपछि कुनचाहिँ जिल्लामा राख्ने त ? भक्तपुर मेरो पनि जिल्ला हो, म पनि त्यहीँ बस्छु। त्यसकारण मैले अरु जिल्लामा भन्दा आफ्नै जिल्लामा राख्न ठीक ठानेको विवाद अन्त्य होला भनेर पनि हो।

तथ्याङ्कसम्बन्धी पुस्तिका कहिले आउँछ भन्नुभएको छ, त्यसको नाम समृद्धि भन्नुभयो, होइन नाम 'समृद्धिको आरम्भ' भन्ने राखिएको छ। यो सम्भवतः आइसकेको छ। पिजनहोलमा आजै वितरण भइसकेको छ।

विद्यालयका कर्मचारीले न्यूनतम तलब कहिले पाउँछन् भन्ने प्रश्न गर्नुभएको छ माननीयजीले। सभामुख महोदय, यो नयाँ शिक्षा नीति आएपछि त्यसैअनुसार यसलाई मिलाउँदै लगिनेछ र न्यूनतम तनखा भेटिनेगरी, त्यसको मापदण्ड भेटिनेगरी त्यसलाई अगाडि बढाइदैछ। एमसीसीबारे विवाद होला, अलिअलि बुझ्न बाँकी होला, राजनीतिक दलहरूको विषय होला, राजनीतिक दलहरूले अध्ययन गर्लान, त्यो आफ्नो ठाउँमा छ। तर सरकारले अनुमोदनका लागि संसदमा पेश गरेको छ। सभामुख महोदयले निर्णयार्थ प्रस्तुत गर्नेबित्तिकै पास हुन्छ, अगाडि बढ्छ।

वैदेशिक रोजगारीमा जानेहरूको बारेमा साथीहरूले एयरपोर्टमै हेर्दा थाहा हुन्छ भनेर सोध्नुभएको छ। पहिले २० प्रतिशतका दरले वृद्धि थियो, जाने संख्यामा हरेक वर्ष, अहिले त्यो वृद्धिदर सकियो भनेपनि हुन्छ, १ प्रतिशत मात्रै बाँकी छ अब। त्यो पनि टुंगिनेवाला छ। बृद्धिदर रोकिन्छ, त्यसपछि न्यून हुँदै जान्छ र अन्त्य हुन्छ। अन्ततः वैदेशिक रोजगारीमा जान नपर्ने वातावरण यहाँ सिर्जना गरिदैछ। त्यसैकारण १९ प्रतिशतले वैदेशिक रोजगारीमा जानेहरूको संख्या घटेको छ।

एउटा कुरा स्पष्ट गर्न चाहन्छु, एनसेल एउटा खालको विषय भयो कि, विप्लवले पैसा पाएन भने पनि त्यसको टावर हान्ने, अनि अरुलाई रिस उठ्यो भने पनि एनसेल! एनसेलमा सरकारले के गरेको छ? एनसेलमा सरकारले अदालतका आदेश फैसलाहरू कार्यान्वयन गर्छ। अदालतमा 'केस' गएर फैसला गरेको छ। तिनीहरूको कार्यान्वयन सरकारले गरेको छ।

कर्णालीमा खाद्यान्न पुऱ्याउनका निम्ति चीनको बाटोसमेत प्रयोग गरेर कर्णालीमा पुऱ्याइएको छ र कुनै जिल्लामा भोकमरी भयो, त्यहाँ खान पाइएन भन्ने मैले सुनेको छैन। त्यस्तो भयो भने हेलिकोप्टरबाट खाद्यान्न ढुवानी गरेर भएपनि पुऱ्याइन्छ। भोकमरी भयो भने ध्यान पुऱ्याइन्छ।

मैले आफ्नो मन्तव्यमा अघि नै भने नेपालमा कोही भोकै पर्दैन, कोही भोकले मर्दैन- यो सरकारको प्रतिबद्धता हो। नेपाल अवश्य गरिब छ, तर भोकमरी नेपालमा छैन। भोकमरी भनेको भोकै पर्ने र भोकले मर्ने, यो अवस्था नेपालमा छैन, अब हुन सक्दैन।

सोह्रखुट्टेमा खाल्टाखुल्टी छन् भने सरकारले पुर्छ।

मैले मूलतः कर्मचारी समायोजन पूरा भएको हो भनेँ र एउटा राम्रो कुरा के भने हामीले एउटा नयाँ प्रणाली स्थापना गर्‍यौं, सुरु गर्‍यौं। नयाँ प्रणाली सुरु गर्दा दुनियाँमा कहीँ पनि यति निर्विवाद र यति शान्तिपूर्ण ढंगले नयाँ प्रणालीहरू अगाडि बढेका हुँदैनन्। विवादहीन ढंगले अथवा निर्विवाद ढंगले यहाँ काम भएको छ। हामीकहाँ यसलाई कसरी सम्बोधन गर्ने? यसका सम्बन्धमा संवैधानिक व्यवस्था छन्, कानूनी व्यवस्था छन् र हामीले प्रभावकारी संरचनाहरू तयार गरेका छौं। तिनीहरूमार्फत विवाद समाधान गरेका छौं र निर्विवाद ढंगले संघीयता- एउटा नयाँ प्रणालीको हामीले अवलम्बन र स्थापना गर्‍यौं। अधिकारको बाँडफाँड तीन तहमा गर्‍यौं। त्यसका निम्ति धेरै ठाउँमा धेरै आन्दोलन हुन्छन्, अनेक प्रयास हुन्छन्। तर, हाम्रोमा त्यस्तो केही गर्नु परेन। किनभने केन्द्र सरकारले यसलाई विल्कुलै संयोजनकारी र सन्तुलित ढंगले संचालन गरेको छ। तसर्थः यसमा त्यस्ता खासै विवादहरू छैनन्।

यो एकपटक टुंगिएर टुंगिहाल्ने स्थितिमा अलिक पुगेको छैन। किनभने, प्रदेश तहमा र स्थानीय तहमा कर्मचारी भर्नाको सन्दर्भमा यो एउटा सिलसिलामै छ। अहिले समायोजन गरिएको हो। यो समायोजन मूलतः टुंगिएको छ।

मानवअधिकार आयोग विधेयकमा कहीँकतै त्रुटि छ भने सच्याउनको लागि भनेर यस संसदमा पेश गरिएको छ। त्रुटि छ भने सच्चाउन छलफल गरौं। तर कतिवटा यस्ता गलत अभ्यास छन्, जस्तो कि, मानवअधिकार आयोग आफैँ अभियोजनकर्ता हो कि होइन ? अथवा कुनै यस्तो निकाय, संस्था हुन्छ कि हुँदैन ? जसले आफ्ना जनताबाट आएको राजश्व, त्यसको खर्चको हिसाबकिताब सार्वजनिक गर्न नपरोस्! त्यस्तो कुनै निकाय हुन्छ कि हुँदैन। लोकतन्त्रमा मूल्य मान्यताहरू के राख्ने भन्ने प्रश्नहरूमा छलफल गर्न सकिन्छ, यसमा सरकार खुला नै छ। यसमा कुनै भावनाको पछि वा भ्रमको पछि लाग्ने पक्षमा सरकार छैन। बरु खुलारूपमा नै छलफल गर्न सकिन्छ। अनुपयुक्त कतै छ भने उपयुक्त बनाउन सकिन्छ। विधेयकहरू त्यसैका लागि त प्रस्तुत हुन्छन्।

साथीहरूले महंगी बढेको कुरा गर्नुभएको छ, विगत एक दशकमा ९ प्रतिशतका दरले वार्षिक मूल्य वृद्धि हुनेगरेको थियो, अहिले ६ प्रतिशतले मूल्यवृद्धि भएको छ। समग्र मूल्यवृद्धिमा

एकदम केके न भयो भन्ने कुरा होइन, यो स्वभाविक हो कि दुनियाँमा मूल्यवृद्धि भइराख्वेको छ। तर, यहाँ पहिलेको भन्दा ३ प्रतिशतले कम मूल्यवृद्धि भएको स्थिति छ।

हुलाकी सडक निर्माणको तीब्रतालाई हेरेर माननीयजीहरू आश्चर्यचकित भएको हुनुपर्छ। यसमा त २० वर्षदेखि कुरा मात्रै हुने गर्दथ्यो। अहिले त यो लगभग पूरा हुने स्थितिमा रहेको छ। सिंचाइको सम्बन्धमा मैले अघि नै भने सुनकोशी-मरिन डाइभर्सन, त्यसलाई हामी अब अगाडि बढाउँदै छौं।

नागरिकताको कुनै समस्या छैन। संविधानले सबै नागरिकलाई नागरिकताको प्रमाण पत्र सुनिश्चित गरेको छ। वास्तविक नागरिकले नागरिकताको प्रमाण पत्र पाउँछन्, यसमा कुनै समस्या छैन। कोही नागरिक प्रमाण पत्र पाइन भनेर नागरिकता दिने अधिकारीकोमा पुग्यो भने उसले नपाउने भन्ने प्रश्न नै छैन।

दार्चुलामा एक दुईवटा तुइन बिस्थापन हुने क्रममा छन्। साथीहरूलाई अचम्म लाग्छ होला, यहाँबाट मुग्लिन जाँदा बाटोभरि तुइनै तुइन, माकुराको जालोजस्तो तुइन देखिन्थे, अब एउटा पनि देखिदैनन्। मैले त्यही भएर भनिराख्वेको थिएँ, पछि सन्ततीलाई देखाउनको लागि फोटो खिचिराख्नुस् है! अलिक पछि तुइन हुँदैनन् भनेर भनकै थिएँ। १२५ वटा जति तुइन

हटिसके, केही तुइनहरू हट्दैछन्। तुइन पनि हटाउन नसक्ने सरकारले के गर्छ भन्नुभयो। हो, तुइन हटाउन नसक्ने, विकास ल्याउन नसक्ने, गरिबी हटाउन नसक्ने र देश विकास गर्न नसक्नेले अरू के गर्छ? त्यही कारण त हामी चाहिएका हौं, अहिले हामी त्यही काम गर्दैछौं, जे गर्छौं भनेर आएका थियौं।

म विद्युत् प्राधिकरणलाई अलिक सजग गराउँछु, यी ट्रान्समिसनहरू अलिक पुराना भएर पनि पटक-पटक विजुली जाने भइराखेको छ। माननीयजीले ध्यानाकर्षण गर्नुभयो, हिजो बेलुका बिजुली झ्याप्पझ्याप्प गयो भनेर गुनासो राख्नुभयो। त्यस्तो किन हुन्छ? म विद्युत् प्राधिकरणको फेरि ध्यानाकर्षण गराउँछु।

मलाई लाग्छ, माननीयजीहरूका जिज्ञासाहरू मोटामोटी यिनै कुराहरूभित्र समेटिएका छन्। फेरि एकपटक उत्साहपूर्ण प्रश्नहरूका लागि म माननीयजीहरूमा सभामुख महोदयमार्फत धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद।

३ फागुन २०७६
संसद भवन, नयाँबानेश्वर
काठमाडौं।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं